www.musickhabar.com

# म्यूजिक खबर

Musickhabar Fortnightly Magazine पाक्षिक



९ संगीत उद्योग त छ बेच्ने चिज छैन

वर्ष १, अंक ८, २०७३ माघ १५ देखि २९ सम्म

रु.१५।-

# सफल साङ्गीतिक जोडी




संसारका प्रेमील जोडीहरूको महान दिवस भ्यालेन्टाइन डे पाश्चात्य सभ्यताका देशहरूमा मनाउन थालिएको लामो समय भैसकेको छ। आधुनिकतातर्फ लम्किरहेको हाम्रो नेपाली समाजमा पनि विगतका वर्षहरूदेखि प्रेमील युवा युवतीहरू यस दिवसलाई निकै महत्वका साथ मनाउन थालेका छन्। हुन त कतिपयले यो पर्व खाली एक युवा र युवतीको प्रेम अभिव्यक्तिको रूपमा मात्रै नमानेर समग्रमा प्रेममय बनाउनुपर्छ पनि भन्ने गरेका छन्। प्रेम मानवको सबैभन्दा शक्तिशाली संवेदना हो। भनिन्छ, संसार प्रेमले नै अडिएको छ। यसर्थ प्रेम दिवस अविवाहित प्रेमीहरूका लागि मात्र नभई सफल दाम्पत्य जीवन चलाइरेका जोडीका लागि पनि झन् आवश्यक देखिन्छ। यसै सन्दर्भमा हामीले एउटै धरातलमा अर्थात् सांगीतिक क्षेत्रमा सहकार्य गर्दै आएका उदाहरणीय, आकर्षक र आदर्श सांगीतिक जोडीहरूलाई यहाँ प्रस्तुत गरेका छौं। जसले रमाइलोका साथ सहयात्रा गरिरहेका छन्। घरगृहस्थी चलाइरहेका छन्। प्रेमालाप गर्दै दुई जीवन एक कर्म बनाएर जीवनमा खुसी देखिएका छन्। विस्तृत पेज ५ मा






www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Fortnightly Magazine पाक्षिक

## रिलिज कर्नर




गायक अमर राई यतिखेर प्रवासमा बसेर पनि आफ्नी मायालुलाई गीत मार्फत् बाँचुन्जेल सँगै बाँचौ मरे सँगै मरौं भन्दै छन् । मलेसियाको भूमिमा रहेर उनी गीतसंगीत मार्फत् मायाप्रेमको कथालाई प्रकट गरेका छन् । तर यो अवसर भने गीतकार पासाङ तामाङ र संगीतकार मनिपाल राईले दिएका हुन् । गीतकार पासाङ तामाङ प्रवासको भूमिमा रहेर आफ्ना शब्दहरूमार्फत मायाप्रेमभित्रको एउटा समधुर सम्बन्धसँग घरबार जोडिरहेका छन् । दुनियाँको एउटा नमूना बन्न सक्ने मायाप्रेम बनाउन कोशिस गर्दैछन् पासाङ । उनका शब्दहरूजस्तै बगेका छन् मनिपाल राईको संगीत पनि । पासाङको शब्दको गोरेटोलाई मनीपालले संगीतको फराकिलो बाटो बनाएर अमर राईको स्वरमा दुनियाँलाई हिंडाइरहेका छन् ।

शुभकामना मिडिया सोलुसनमार्फत् बजारमा आएको बाँचुन्जेल बोलको गीत यतिखेर सामाजिक सञ्जालमा चर्चा पाइरहेको छ । पवन राई र गीता राईको अभिनय रहेको यस गीतको म्यूजिक भिडियोलाई सुन्दर लावतीले निर्देशन एवं छायाँकन गरेका छन् । जीवन सेन्चुरीको सम्पादन रहेको यस गीतको म्यूजिक भिडियो मलेसियाकै रमणीय दृश्यमा छायाँकन गरिएको हो । तिम्रो यादमा नामक एल्बममा समावेश गरिएको यस एल्बमभित्र चारवटा गीत समावेश गरिएको छ ।

## युनाइटेड सिर्जना संसार-२



गीतकार कवि डा. कविराज बान्तवाको 'बाल गीति संग्रह 'युनाइटेड सिर्जना संसार-२' कवि तथा गीतकार भुपाल राईको हातबाट सार्वजनिक गरिएको हो । गीतकार डा.बान्तवाको एकल शब्दरचना रहेको एल्बममा गायक कन्काइष्ट राईको सोलो संगीत रहेको छ । एल्बम 'युनाइटेड सिर्जना संसार-२' मा युनाइटेड स्कुलमा अध्ययनरत स-साना नानीहरूले स्वर दिएका छन् । एल्बममा बाल तथा राष्ट्रियभावना जागृत ६ वटा गीत छन् । म संग एउटा प्यारो प्यारो देश, यही हो मेरो जन्मभूमि, कलम र किताब, स्कुल जानु हामीलाई पनि, कोइलीको कुहुँ कुहुँ र साथीभाई स्कुलमा बोलका गीत छन् । जसमा आकांक्षा राई, मन्दिप राई, लादिप्क्षा राई, सिर्द्धाथराज राउत, सालु महर्जन, निर्देश महर्जन, सुदिप पौडेल, सोनुप पराजुली र सिता थापाले स्वर दिएका छन् ।

## मौलिकतामा मोहनी रुपैले

दीपसागर थापाको शब्द तथा लयमा तयार भएको मोहनी रूपैले गाउँको मौलिकता बोकेको कौडा गीत हो । दीप इन्टरटेनमेन्टले बजार व्यवस्थापन गरेको मोहनी रूपैलेमा दीपसागर थापा, पवन



रानाको स्वर रहेको छ भने कोरस स्वर सीता थापाको रहेको छ । दुर्गा गुरूङको संगीत संयोजन रहेको यो गीतले स्रोताको मन जित्ने विश्वास लिइएको छ । पश्चिम क्षेत्रमा गाइने कौडा गीतको मौलिकता बोकेको मोहनी रूपैलेको म्यूजिक भिडियो भने साइभिजन प्रालिले निर्माण गरेको हो । प्रकाश भट्टको निर्देशन रहेको म्यूजिक भिडियोलाई हरिनारायण चौधरीले छायाँकन गरेका हुन् भने विष्णु शर्माले सम्पादन गरेका हुन् ।

# कल्याणकारी कोषलाई गिरीको १५ हजार ६ सय



**म्यूजिकखबर** । सामुदायीक रेडियो प्रसारक संघ (अकोरव) का नव निर्वाचित बरिष्ठ उपाध्यक्ष अर्जुन गिरीले संगीतकर्मी कल्याणकारी कोषमा १५ हजार ६ सय सहयोग गरेका छन् । झण्डै २ दशकदेखि पत्रकारितामा सकृय रहँदै आएका गिरी रेडियो तुल्सीपुरका स्टेशन म्यानेजर समेत हुन् । राजधानीमा आयोजित एक कार्यक्रममा गिरीले संगीतकार संघका कोषाध्यक्ष हरि लम्सालको हातमा सहयोग रकम हस्तान्तरण गरेका थिए ।

गिरीले संगीतकर्मीहरूको उत्तरार्द्धको अबस्था आफूले अत्यन्त कष्टकर देखिरहेको बताउँदै यो कोषले त्यो अबस्थाको अन्त्य गर्ने बिश्वासका साथ सहयोग गरेको बताएका थिए । आफू सम्बद्ध संस्थामा रोयल्टीको बिषयलाई प्राथमिकता दिने प्रतिबद्धता ब्यक्त गर्दै गिरीले सामुदायीक रेडियोको अबस्थालाई बलियो बनाउन केहि नीतिगत समस्या रहेकोले त्यो समस्या समाधानमा संगीतकर्मीको पनि साथ सहयोगको खाँचो रहेको बताएका थिए । गिरीले आफू सम्बद्ध रेडियोले बार्षिक उत्सवका अबसर पारेर रोयल्टी बितरणको सुरूवात गर्ने



पनि बताए ।

कार्यक्रम संगीत रोयल्टी संकलन समाज नेपालका अध्यक्ष एवम् संगीतकार सुरेश अधिकारीले गिरीलाई बधाई तथा शुभकमना दिदै गीतसंगीतमा केहि गर्छु भनेर अगाडी बढ्दा तत्कालका लागि अलोकप्रीय बने पनि स्रष्टा अधिकारका लागि पुर्‍याएको योगदानको कदर हुने बताए । केही व्यक्तिले दादागिरी देखाउन खोजे पनि अन्ततः कानुनको दायरामा आउनै पर्ने अधिकारीले बताए । संगीतकार संघ नेपालका अध्यक्ष एवम् संगीतकार लक्ष्मण शेषले 'राज्यले कला र संस्कृतिको संरक्षणका लागि काम गरे पनि कार्यान्वयनका बिषयमा असहयोग देखिएको बताए । शेषले संगीतकार संघ नेपालले आफ्नै बलबुतामा संगीतकर्मी कल्याणकारी कोष स्थापना गरेको बताउँदै कोष पारदर्शितापूर्वक संचालन हुने बताए ।

संगीतकार संघ नेपालका महासचिव महेश खड्काले कलाकारको मृत्यु हुँदा पनि उसलाई घाटसम्म लैजान पनि समस्या पर्ने गरेको तितो स्मरण सुनाउँदै अब त्यस्ता दिन आउन नदिन कल्याण्कारी कोष प्रभावकारी हुने बताए ।

सोही कार्यक्रममा नायिका तथा समाजसेवी दीपशीखा खड्काले संगीतकर्मी कल्याणकारी कोषमा १० हजार हस्तान्तरण गरेकी थिइन् । खड्काले पूर्ब प्रतिबद्धाता अनुसार दिपशिखा फाउन्डेशन मार्फत कोषलाई रकम हस्तान्तरण गरेकी थिइन् । कार्यक्रम संघका प्रेस सल्लाहकार लोकराज अधिकारीले संचालन गरेका थिए ।



# प्रवासबाटै सङ्गीतमा भुपेन्द्र

**म्यूजिक खबर** । नेपालमा गीत सङ्गीतको क्षेत्र धरासयी जति धरासयी बन्दै गइरहेको छ त्यति नै प्रतिभाशाली सर्जकहरूको आगमन पनि हुँदै गएको छ । यसै क्रममा रोल्पा राङ्कोटका प्रतिभाशाली गायक भुपेन्द्र घर्ति मगरले पनि यस क्षेत्रमा प्रवेश गरेका छन् । यतिबेला परदेशी भुमी मलेसियालाई कर्मथलो बनाउँदै आएका भुपेन्द्रको स्वरमा दुइवटा गीतहरू रेकर्डिङ भएका छन् । माधव रोका मगरको शब्द तथा प्रस्तुतिमा 'देशमा अन्याय धेरै भैरहेछ' मा भुपेन्द्रको शब्द र मिठो आवाजमा गीतको रेकर्डिङ सम्पन्न भएको हो । जसमा ओमिता बिसीको लय तथा स्वर रहेको छ ।

त्यस्तै भुपेन्द्रले 'हाँस्न सकिन पिडा सहेर, मर्छु बरू विष पिएर' मा समेत भुपेन्द्रले प्रवासी भुमिबाटै गीत रेकर्ड गर्न भ्याएका छन् । रोशन आले मगरको शब्द तथा प्रस्तुति रहेको यस गीतमा भुपेन्द्रलाई ओमिता बिसीले स्वरमा साथ दिएकी छिन् । दुबै गीतको उत्पादक तथा वितरक प्रियशी म्यूजिक प्रा.लि रहेको छ । आफु र आफ्नो आवाजलाई पत्याएर गीत गाउने अवसर दिएकोमा माधव रोका मगर र रोशन आले मगर प्रति धन्यवाद दिंदै आभार प्रकट गर्दै भुपेन्द्रले आगामी दिनमा यस क्षेत्रमा निरन्तरता दिने प्रतिक्रिया दिए । भुपेन्द्र यतिबेला अन्य थुप्रै गीत सङ्गीका लागि नै व्यस्त बनिरहेका छन् ।

# अस्मितको असीमित

**म्यूजिक खबर** । गायक अस्मित लिम्बुले स्रोता/दर्शकमाझ असीमित लिएर आएका छन् । संगीत, रचना र स्वर अस्मित कै रहेको यो एल्वममा उनले फुल्बुट्टे सारी..., जहाँ गए पनि..., लाउँदा पनि नहुने..., फुल्न नपाई झऱ्यो...आज मैले सपना देखे... जस्ता ६ वटा गीत समाबेस गरेका छन् ।




एल्वममा समावेश भएको आज मैले सपना देखे गीतको भिडियो पनि अस्मितले तयार पारेका छन् । राजिव कपालीको निर्देशनमा तयार भएको भिडियोमा संकल्प श्रेष्ठ, ववी श्रेष्ठ र विकल्प श्रेष्ठको अभिनय रहेको छ । भ्यालेन्टाइन लाई लक्षित गरेर सार्वजनिक गरिएको यो भिडियोले छोटो समयमै युट्युवमा राम्रै भ्युअर्स पाउन सफल भएको छ । यसबाट आफू अझ बढी उत्साहित भएको अस्मित बताउँछन् ।

दुई वर्ष अर्जुन पोखरेल, राम सिटौलासँग अनुराग संगीत पाठशालामा संगीतको कक्षा लिएका उनले आफु सानै देखि नै विभिन्न कार्यक्रमहरूमा गीत गाउने गरेको भए पनि असीमित उनको डेब्यु एल्वम हो ।

झापा धर्मपुर स्थायी घर भई यतिवेला राजधानीलाई आफ्नो कर्मथलो बनाएका अस्मित पहिलो एल्वमबाटनै राम्रो रेस्पोन्स पाइरहेको बताउँछन् । सुरूका दिनहरूमा पारिवारिक सर्पोट त्यती नभए पनि अहिले उनको चर्चा बढ्दै जादा राम्रै सर्पोट पाएको छु भन्छन् ।

# थापालाई लाइफटाइम एचिभमेण्ट
## 'म हुरी' र 'संसार मायामा'लाई तीन-तीन विधामा अवार्ड

**म्यूजिकखबर** । हिट्स एफएमको आयोजनामा हुँदै आएको 'हिट्स एफएम म्यूजिक अवार्ड'को २० औं संस्करणमा गीतकार राजेन्द्र थापालाई लाइफटाइम अचिभमेन्ट अवार्ड प्रदान गरिएको छ भने म हुरी र संसार मायामाले तीन तीन विधामा अवार्ड चुम्न सफल भएका छन् । आर्मी अफिसर्स क्लबमा आयोजना भएको अवार्डमा लामो समयसम्म गीति लेखनबाट नेपाली गीत सङ्गीतको क्षेत्रमा योगदान पुऱ्याउँदै आएका गीतकार राजेन्द्र थापालाई लाइफ टाइम एचिभमेण्ट अवार्डले सम्मानित गरिएका हो । गीतकार थापालाई बरिष्ठ गीतकार तथा यादव खरेल र हिट्स नेपालका अध्यक्ष राजीवराज भण्डारीले लाइफटाइम अचिभमेन्ट अवार्डबाट सम्मान गरेका थिए ।

लाइफटाइम अचिभमेन्ट अवार्डबाट सम्मानित भएपछि कार्यक्रममा बोल्दै गीतकार थापाले आफूले ८ वर्षको उमेरदेखि नै कविता लेख्न थालेको ११/१२ वर्षको उमेरदेखि रेडियोमा कविता भन्न थालेको बताए। 'सानो उमेर हुँदा आफूसँग प्रतिभा भए पनि अनुभव नभएकाले आफूभन्दा अग्रजसँग मिलेर काम गर्थे भने अहिले आफूसँग अनुभव भएकाले आफूभन्दा कम उमेरका भाइबहिनीहरूसँग मिलेर काम गर्छु । त्यसैले म सफल भएको जस्तो लाग्छ' -उनले भने ।

गीत संङ्गीतका १६ विधाहरूमा उत्कृष्ट ठहरिएका स्रष्टा तथा सिर्जनाहरूले 'हिट्स एफएम म्यूजिक अवार्ड २०७३' चुम्न सफल भएका छन् । लोकप्रिय गायक रामकृष्ण ढकालको स्वर रहेको 'म हुरिमा दियो' गीतले तीन विधामा हिरो हिट्स एफएम अवार्ड जितेको छ । वर्षकै सर्वोत्कृष्ट गीत बनेको 'म हुरिमा दियो'बाट रामकृष्ण ढकालले



सर्वोत्कृष्ट स्वर, रमेश विजीले सर्वोत्कृष्ट शब्द रचनाबाट अवार्ड चुम्न सफल भएका हुन् । यस वर्षमा आयोजना भएका प्राय अवार्डहरूमा सर्वोत्कृष्ट चलचित्र गीतको अवार्ड उचाल्दै सङ्गीतकार अर्जुन पोखरेल हिट्स एफएम अवार्ड 'म यस्तो गीत गाउँछु' बाट अवार्ड आफ्नो पोल्टामा पार्न सफल भए ।

'संसार मायामा अड्छ भने' बोलको गीत पनि तीन विधामा नै सर्वोत्कृष्ट भई




अवार्ड पाउन सफल भएको छ । यस गीतले युगल गायनको अवार्ड सुजाता उपाध्याय र उदितनारायण झालाई दिलायो भने यसै गीतबाट उत्कृष्ट सङ्गीतकारको अवार्ड आनन्द राईले उचाल्न सफल भए भने संगीत संयोजन विधाका लागि महाराज थापा उत्कृष्ट घोषित भई अवार्ड उचाले ।

अप्रिल रसले 'त्यो हावा' मार्फत यस वर्षको अब्बल प्रतिभा बन्ने अवसर पायो भने सर्वोत्कृष्ट महिला गायन पप विधामा निक्की कार्कीले 'जेट उडाउँछु' गीतका लागि अवार्ड जितिन् । पुरुष गायन पप विधामा भने अल्मोडा राना उप्रेतीले 'फेन्टास्टिक वन्डरफुल' बाट सर्वोत्कृष्ट घोषित भए । कार्यक्रममा यसै वर्ष संगीत क्षेत्रले गुमाएका पण्डित होमनाथ उपाध्याय, पन्नाकाजी, रत्नबहादुर खड्गी, रूबी जोशी, खेमराज गुरुङ र सुनील बर्देवाको पनि सम्फना गरिएको थियो ।

ह्वाट द फंक ब्यान्डको 'हाम्रो फंकी दाजु...' ले सर्वोत्कृष्ट समूह गायन र सर्वोत्कृष्ट रक संगीत सिर्जनाको ट्रफी दिलायो । 'गुराँसै फुले हो' का लागि अञ्जान बाबुले सर्वोत्कृष्ट लोकगीतको अवार्ड पाए । सर्वोत्कृष्ट रक गायनमा सविन राई एन्ड द इलेक्ट्रिसको 'तिमी नै हो' अगाडि आयो भने एकल गायन महिला विधामा रजिना रिमाल 'मुटु दुख्यो' गीतका लागि भाग्यमानी ठहरिइन् । गीति संग्रह विधामा 'अभिवादन' का लागि रक गायक एड्रियन प्रधान उत्कृष्ट बने । कार्यक्रममा द काठमाडौं क्याटस् एन्ड द डर्टी बुगी ब्रास ब्यान्डले कन्दरा समूह, निमा रूम्बा र नेपथ्यका गीत प्रस्तुत गरेका थिए । राजेशपायल राई, शिव परियार, प्रमोद खरेल, मौसमी गुरुङ, श्रेया सोताङ, नट्टु एन्ड द एसओएस ब्यान्डले पनि गीत सुनाएका थिए ।

# सम्पूर्ण संगीत क्षेत्रको प्रतिनिधि हुँः गीतकार देवकोटा



**म्यूजिकखबर** । गीतकार संघ नेपालका अध्यक्ष चुडामणि देवकोटाले आफू सम्पूर्ण गीत संगीत क्षेत्रको प्रतिनिधि भएको बताएका छन् । संगीत रोयल्टी संकलन समाज र संगीतकार संघले आयोजना गरेको स्वागत एवं बधाई कार्यक्रममा बोल्दै देवकोटाले आफू गीतकार संघको अध्यक्ष मात्र नभएर सम्पूर्ण गीतसंगीत क्षेत्रको प्रतिनिधि भएको बताएका हुन् । उनले सम्पूर्ण गीतसंगीत क्षेत्रमा आफूले जानेको र सम्भव भएका काम गर्न सदैव तयार रहेको प्रतिबद्धतासमेत व्यक्त गरेका थिए । देवकोटाले आफ्नो विवेकले भ्याएसम्म गीतसंगीत क्षेत्रको नैतिक, बौद्धिक अधिकारसँगै रोयल्टीका मुद्दामा पनि अगाडि बढ्ने बताएका थिए ।

गीतकार संघ नेपालको नयाँ कार्यसमितिलाई संगीत रोयल्टी संकलन समाज नेपाल र संगीतकार संघ नेपालले संयुक्त रूपमा स्वागत एवं बधाई गरेको छ । चुडामणि देवकोटाको नेतृत्वमा आएको नयाँ कार्यसमितिलाई रोयल्टी संकलन समाजको सभाहलमा कार्यक्रमको आयोजना स्वागत एवं बधाई गरिएको हो । गीतकार संघका पदाधिकारीलाई टीका, माला र मायाको चिनोसहित स्वागत एवं बधाई गरिएको थियो । गीतकारहरूले राम्रा गीत सिर्जना गरून् भन्दै डायरी र कलमसहितको मायाको चिनो दिएर आगामी दिनमा गीतकार संघको नेतृत्व गीतसंगीत क्षेत्रमा उल्लेखनीय बन्ने आशा लिएको संगीतकार संघ एवं रोयल्टी संकलन समाजका महासचिव महेश खड्काले बताए ।

संगीतकार संघ नेपालका अध्यक्ष लक्ष्मण शेषले गीतकार संघले आगामी दिनमा हुने गीतसंगीतको विकास र विस्तारसँगै रोयल्टी, पाइरेसी लगायतका अभियानमा सँगै साथ दिने बताउँदै संघका अध्यक्ष चुडामणि देवकोटा एउटा अभिभावकका रूपमा पाएको बताएका थिए । त्यस्तै रोयल्टी संकलन समाजका अध्यक्ष सुरेश अधिकारीले गीतकार संघका पदाधिकारीलाई बधाई दिँदै एउटा अभिभावक पाएको बताएका थिए । गीतकार संघका अध्यक्षका देवकोटा संघको अध्यक्ष नहुँदैदेखि रोयल्टीको अभियानमा अभिभावकत्व गर्दै आउनुभएको हुँदा हामी अबको सहज बाटोको यात्रामा भएको बताएका थिए । गीतसंगीतको क्षेत्रमा केही माफियाहरूले लुट मच्चाइरहेकाहरूले केही लाज नमानी हिंडिरहेको बताउँदै अधिकारीले अब तिनीहरूको लुटतन्त्रमाथि जाइलाग्न गीतकार, संगीतकारहरूको एकता बलियो बन्दै गएको बताएका थिए ।

# संचारकर्मी सरगम सम्मानित



**म्यूजिक खबर** । लालीगुराँस डटकममा कार्यरत संचारकर्मी एवं सर्जक कमल सरगमलाई राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल, उपत्यका समन्वय समितिद्वारा सम्मानित गरिएको छ । प्रतिष्ठानले आयोजना गरेको बृहत वनभोज कार्यक्रमको अवसरमा प्रतिष्ठानका केन्द्रीय महासचिव सुवास केसी र उपत्यका समन्वय समितिका अध्यक्ष पीएन सापकोटाले सम्मान प्रदान गरेका थिए ।

नेपाली लोक संगीतको क्षेत्रमा क्रियाशील रहँदै आएका सरगमले गीति लेखनका अलावा संचारकर्मबाट लोकसंगीतको विकास र विस्तारमा पुऱ्याएको योगदानको कदर गर्दै सम्मान प्रदान गरिएको समन्वय समितिका अध्यक्ष सापकोटाले म्यूजिकखबरलाई बताए । सम्मानित भएपछि संचारकर्मी एवं सर्जक सरगमले 'नेपाली मौलिक सृजना र नेपाली लोक तथा दोहोरी गीतको संरक्षणमा मेरो हरपल साथ रहने र बिकृतिमुलक सृजनाको जरैदेखि उखेल्न पछि नपर्ने' प्रतिबद्धघता व्यक्त गरेका थिए ।

## /fd]5fk ;f+s[ts snfsf/ ;dfhdf
# कटुवालको नेतृत्व

**म्यूजिक खबर** । रामेछाप सास्कृतिक कलाकार समाजको अध्यक्षमा लोकदोहरी गायक प्रकाश कटुवाल निर्विरोध अध्यक्ष पदमा निर्वाचित भएका छन् । कलाकार हरूको भेलाले २१ सदस्यीय कार्यसमिति चयन गर्दै कटुवाललाई नेतृत्व प्रदान गरेका हुन् ।



समाजको बरिष्ठ उपाध्यक्षमा रामकुमार पौडेल, उपाध्यक्षमा सीता थापा, रामकुमार कार्की, सुन्दर विरही पाखी नचयन भएका छन् भने महासचिव पदमा उत्तम पौडेल निर्वाचित भएका छन् । समाजको प्रवक्तामा भने कुमार कार्की चयन भएका छन् भने सचिवमा युनिक विफा घिसिङ सहसचिवमा उत्तम सुवेदी चयन भएका छन् । त्यसैगरी कोषाध्यक्षमा नबिना घिसिङ, सह-कोषाध्यक्षमा युनिक भोजराज बि.क. चयन भएका छन् । समाजको सदस्यहरूमा भने प्रेमशिला योञ्जन, सन्ध्या शानु घताने, सुन्दर गोपाल पौडेल, सुरज लामा (घिसिङ), एच. बी. कार्की बिन्दास, तीर्थ बिरक्त पाखीन, बिनोद लामा, सुशान्त कार्की, एच. बी. रसाईली, संगम लामिछाने रहेका छन् ।


# वनभोज कार्यक्रम

गोर्खा सांस्कृतिक समाजको आयोजनामा यही फागुन ७ गते प्रजातन्त्र दिवसको अवसर पारेर बालाजु बाइधारामा **बृहत वनभोज कार्यक्रम** को आयोजना गरिएको हुँदा सम्पूर्ण गोरखालीहरुलाई उपस्थित हुन हार्दिक अनुरोध गर्दछौं ।

संयोजकः

मुना थापा मगर ९८५१००१२१७

सल्लाहकार
डा.कृष्णहरि बराल
डा.नवराज लम्साल
शान्तिप्रिय
नारायण रायमाझी
टीका भण्डारी
सन्तोष श्रेष्ठ

प्रकाशक/सम्पादक
सविता पोखरेल

प्रधान सम्पादक
सुमन बैरागी

निर्देशक
मिलन मोक्तान

सम्वाददाता
राधिका अधिकारी
दिनेश थापा

व्यवस्थापक
अविनाश लम्साल

तस्वीर
नवीनबाबु गुरुङ

कार्यालयः
पुतलीसडक, काठमाडौं ।
फोनः ०१-४०१०५४५,
musickhabar.com@gmail.com

मुद्रणः
गौरीशंकर प्रिन्टिङ प्रेस एण्ड पब्लिकेशन, बागबजार काठमाडौं

# सम्पादकीय

## ट्रम्पको राजनीति र कलाकारको अमेरिका मोह

अमेरिकाका राष्ट्रपतिमा डोनाल्ड ट्रम्प चुनिएपछि नेपाली कलाजगतमा पनि नयाँ उथलपुथल आएको छ । अब ट्रम्प राष्ट्रपति भएपछि नेपालीलाई रोक्ने रे.... ग्रीन कार्ड बन्द गर्ने रे... मेक्सिकोमा वाल लगाउने रे... डीभी बन्द गर्ने रे... आदि इत्यादी । प्रभवशाली मुलुकको नयाँ नेतृत्व फेरिएपछि केही न केही गरेर चर्चामा त आइ नै हाल्छन् । ट्रम्प फेरि एउटा व्यवसायिक व्यक्ति परे । धनाढ्यको श्रेणीतिर लम्किएका ट्रम्पको प्राय देशमा लगानी रहेको बताइन्छ । तर विडम्वना उनको आगमनसँगै नेपाली कलाजगतमा भने ठूलै आँधीबेहरी आएको देख्न र सुन्न पाइन्छ ।

पछिल्लो समय कलाकारहरूको लुक्ने थलो वा दोस्रो देशको नागरिकता लिएर पलायन हुने सपनामा अमेरिका पहिलो नम्बरमा पर्छ । प्राय सबै कलाकारको उदेश्य एकचोटी अमेरिका भन्ने गरिन्छ । अहिले कलाकारिता गर्ने भनेकै अमेरिका जान भनेजस्तो भइसकेको छ । एक दुई वटा गीत गाउनेदेखि लिएर सयौं गीत गाउनेहरूको पनि यात्रा अमेरिका भइरहेको छ । यहाँका साहुहरू अमेरिका गएर हली बनिरहेको अवस्था छ । आफूलाई कलाकारितामा नै छु भन्नका लागि नेपाल आउने र एउटा गीत वा एल्बम निकाल्ने परम्परा पनि हामीमाझ बसिसकेको छ । चाहे त्यो प्रेमराजा महत हुन् या यम बराल उनीहरूले म पुनरागमन भएँ भन्दै नयाँ गीत गरे पनि पुनः अमेरिकी ग्रीन कार्डको महत्वमा दौडि नै हाल्छन् । विदेशमा कुन दुःख गरेका हुन्छन् त्यो देख्नेलाई वा भोग्नेलाई नै थाहा हुन्छ ।

के हाम्रो देशको कला संस्कृति भनेको विदेशीको शरणमा जाने भऱ्याङ मात्रै हो त ? कलाकारितालाई विदेश जाने माध्यमका रूपमा ट्रान्जिट प्वाइन्ट बनाउँदै गर्दा त्यहाँ शरण लिन जाने होइन त्यहाँ नेपाली कला संस्कृति देखाएर कलाकारको पहिचानलाई मजबुद बनाउन जाँदा उचित हुने थियो । आधारभूत आवश्यकता, परिवारको भोलिको भविश्य भन्दै विदेशिँदै गर्दा नेपाली कला संस्कृतिको भविश्य छैन भन्न खोजिएकै हो । सबै मिलेर यो क्षेत्रको व्यवस्थापन गर्दा हाम्रो लाखौं सम्पत्ति अर्काले सार्वजनिक प्रयोग गरिरहेका छन् । हामी हाम्रो सम्पत्ति जोगाउन भन्दा पनि कमाउने नाउँमा विदेश पलायन भएर सुखभोग गर्न तम्तयार भइरहेका छौं । सुख त्यहाँ पनि छैन, विदेशमा कुनै रूखमा पैसा फल्ने पनि होइन, १५ देखि १८ घन्टाको दुःख पछि पैसा देख्न पाइन्छ । फेरि कमाइको लगभग आधा हिस्सा त्यहाँको सरकारलाई कर बुझाउँदै गर्दा आफ्नो देश सम्झनुपर्ने दिन आइरहेको हुन्छ । पलपल स्वदेशको कलाकारिताको पहिचानलाई सम्झिँदै विदेशमा नोकरी गर्दाको अवस्थामा कलाकारको पहिचान शून्य नै हुन्छ ।

मुलुकमा नाम दाम कमाएपछि विदेशको सपनामा जानेहरूले दुःख भोगेर पुनः नेपालमा नै फर्केको इतिहास हाम्रो सामु छ । अब त्यो दिनको तयारी गर्न छाडेर हाम्रो नैतिक, बौद्धिक अधिकारको लँडाइ लड्यौ भने सार्वजनिक रूपमा प्रयोग भएको हाम्रो बौद्धिक सम्पत्ति फिर्ता हुन्छ । हामी एकातिर धनी बन्नेछौं भने अर्कातिर अधिकार प्राप्ति भएर सांगीतिक भविश्य राम्रो बन्ने अवस्थामा पुग्नेछौं । अहिले ट्रम्पलाई गाली गर्दै ग्रीन कार्डको सपना देख्दा तपाईंलाई त्यहाँ कलाकार भनेर गाउन लैजाने होइन भन्ने पनि बुझ्नु पर्नेछ ।

# वाद्यवादकलाई हेर्ने दृष्टिकोण र हाम्रो समाज



भुवन गन्धर्व

नेपाली सङ्गीत आकाशमा झण्डै ४ दशक भन्दा बढी नेपाली मौलिक सारङ्गीलाई चिनाउन क्रियाशील व्यक्तित्व हुन् जंगबहादुर गन्धर्व । नेपालको मौलिक लोकबाजा सारङ्गीको संरक्षण एवम् सम्बर्द्धनमा उहाँको ठूलो योगदान छ । नेपाली सङ्गीतका उचाई बढाउनका निमित्त निरन्तर लागिरहने विशिष्ट व्यक्ति हुनुहुन्छ जंगबहादुर गन्धर्व । उहाँ मेरो बुबामात्र नभएर मेरो संगीतको गुरूसमेत हुनुहुन्छ । उहाँले नेपाली सारङ्गीको वाद्यवादनमा खेल्नु भएको महत्वपूर्ण भूमिकाले नै मलाई पनि संगीतको क्षेत्रमा क्रियाशील गराएको हो ।

सारङ्गी सम्राट जंग बहादुर गन्धर्वले नेपाली सङ्गीत क्षेत्रमा झण्डै २० हजार भन्दा बढी गीतहरूमा आफ्ना सारङ्गी धून भर्नुभएको छ । नेपाली सङ्गीतमा मौलिक सारङ्गीको प्रयोगमा विशिष्टता नभएका बेलामा जङ्गबहादुर गन्धर्वको उदय भएको थियो भन्ने मैले महसुस गरेको छु । गन्धर्वहरू पहिला गाउँ गाउँमा गीतबाट खबर दिने माध्यमका रूपमा परिचित थिए । मुलुकमा घटेका कुनै पनि घटनालाई गीतबाट सारङ्गीको धूनसँगै घरघरमा खबर पुऱ्याउने र आफ्नो जीविकोपार्जन चलाउने काममा गन्धर्वलाई चिनिन्थ्यो । तर जंगबहादुर गन्धर्वले त्योभन्दा माथि उठेर नेपाली मौलिक बाजा सारङ्गीको प्रयोगबाट नेपाली संगीतलाई स्तरीय बनाउने काममा लाग्नुभएको थियो ।



सारङ्गी गन्धर्वहरूको मौलिक बाजा हो र सारङ्गी नबजाउने गन्धर्व त कमै होलान् । गाउँ घरमा बजाउने, कर्खा घटनाहरू र विविध कला संस्कृतिका गीत धुनहरू धेरै गन्धर्वलाई नआउला भन्न सकिन्न तर बजाइमा पनि निखार स्पष्टता भन्ने कुरा सबैमा हुँदैन । एउटा तारको एउटा नोट बजाउँदा ४ वटै तारको आवाज आउँदा बजाइमा स्पष्टता आउँदैन तर जंग बहादुर गन्धर्व यस्तो बाधक हुनुहुन्थ्यो की उहाँले सारङ्गी बजाउँदा कुनै कमी हुँदैनथ्यो । नेपाली मौलिक सारङ्गीको संरक्षणमा निरन्तर लाग्नु भएका मेरा पिता एवं गुरू जङ्ग बहादुर गन्धर्वलाई राज्यको तर्फबाट कहिल्यै हेर्ने काम भएन । नेपाली संगीतमा भएको उहाँको योगदानको मूल्यांकन हुनु जरूरी छ । एउटा सारङ्गी सम्राटका रूपमा राज्यले हेनुपर्ने हो तर कहिल्यै त्यो उपाधि मात्र होइन एउटा कलाकार के गरिरहेछ र त्यसबाट राज्यले के लिन सक्नुपर्छ भन्ने खोजीनीति भने हुनै सकेन ।

कुनै पनि व्यक्ति जसलाई सङ्गीतको बारेमा रूची र ज्ञान छैन उसले सजिलै बजाएको धुनलाई यहि गीतको भाका हो भनेर सजिलै ठम्याउँथ्यो र लठ्ठ पार्थ्यो । एउटा सारङ्गीको तारको एउटा नोट बजाउँदा पनि एउटै नोट मात्र बज्ने तथा लगाएका अन्य नोटहरू पनि पूर्ण रूपमा प्रष्ट बजाउने व्यक्ति हुनुहुन्थ्यो बुबा जङ्ग बहादुर गन्धर्व ।

नेपाली सङ्गीत जगतमा जंगबहादुरले नातिकाजी, शिवशंकर, बच्चु कैलास, तारा देवी, झलकमान गन्धर्व, नारायण गोपाल, होमनाथ उपाध्याय, गोपाल योञ्जन, अम्बर गुरूङ, कुमार बस्नेत प्रेमध्वज प्रधान लगायतका संगीतका हस्तीहरूसँग सहकार्य गर्नुभएको छ ।

बाध्यवादनको दुनियाँमा बाध्यबादकहरूलाई जुन ओहोदामा राखिन्छ, त्यो भन्दा हजारौं गुणा माथि गायक र सङ्गीतकारलाई राख्ने गरेको पाइन्छ । आखिर साधनाका हिसाबले गायक जतिकै र कहिले काहीं त त्यो भन्दा पनि बढी मेहेनत गरेका हुन्छन् बाद्यबादकले । कुनै गायकलाई केको उपाधि त कुनैलाई केको दिइरहेको हुन्छ । तर बाद्यवादकले ५० वर्ष निरन्तर काम गरेर उत्कृष्टता हासिल गरेता पनि कसैले केही उपाधि दिनेवाला छैन । बजाउन सकुञ्जेल सबैले बोलाउने नसकेपछि त्यहिँ नै उसको साङ्गीतिक करिअरको अन्त्य हुन्छ । विगत ४० वर्ष भन्दा बढी साङ्गीतिक क्षेत्रमा काम गरिसकेपछि रापती समाज काठमाण्डौले कलाकारहरूको माझमा निलाम्बर आचार्यको हातबाट सारङ्गी सम्राटको उपाधि प्रदान गऱ्यो । त्यसबाट चाहिं बुबा खुशी हुनुहुन्थ्यो र अब कलाको कदर हुन्छकि जस्तो कुरा पनि गर्नुहुन्थ्यो । तर एउटा समाजले बोलेको कुराभन्दा माथि राज्यको तर्फबाट एउटा वाद्यवादकलाई हेर्ने दृष्टिकोण वा एउटा कलाकारले मुलुकप्रति गरेको योगदानको मूल्यांकन कहिले होला ?

सबैले भन्छन् सारङ्गी बाजा नेपालको चिनारी हो । र कलाकार राष्ट्रका गहना हुन् भनेर सारङ्गीको संरक्षण र सम्बर्द्धन विदेशमा ग्रिनकार्डको लोभमा गर मात्र हुँदैन । एउटा ४, ५ हजारको मा किनेको सारङ्गी देखाएर हुँदैन । सारङ्गी बजाएर एउटा गीतमा सारङ्गी बजाउन आउँदैमा सारङ्गीको संरक्षण हुँदैन । अमेरिका तथा अन्य यूरोपियन राष्ट्रमा बस्दैमा आफ्नो व्यक्तित्व र सारङ्गीको उचाई बढ्दैन ।

डलरको लोभमा सारङ्गीलाई हतियार बनाएर १५ २० लाख दलाललाई खुवाएर विदेश छिर्ने व्यक्तिहरूलाई हैन जसले ६ वर्षको उमेरबाट सारङ्गी बजाउन शुरू गरी ६४ वर्षको उमेरसम्म अर्थात् मृत्यु हुनुभन्दा ११ दिन अगाडिसम्म नेपाली मौलिक बाजा सारङ्गीको संरक्षणका निमित्त निरन्तर लाग्नुभएका पिता जङ्ग बहादुर गन्धर्वलाई सारङ्गी सम्राट राज्यले प्रदान गर्नुपर्छ ।

## गीतकार संघको चियापान

गीतकार संघ नेपालले आफ्ना सदस्यहरूलाई बोलाएर चियापान तथा भेटघाट कार्यक्रमको गरेको छ । चुडामणि देवकोटाको नेतृत्वमा आएको नयाँ कार्यसमितिको आगामी कार्यक्रम र भावी योजनाका बारेमा परामर्श लिनका लागि




चियापान तथा भेटघाट कार्यक्रमको आयोजना गरिएको अध्यक्ष देवकोटाले बताए । कार्यक्रममा प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार बाबुराम गौतम, संगीत रोयल्टी संकलन समाजका अध्यक्ष सुरेश अधिकारी, संगीतकार संघ नेपालका लक्ष्मण शेष, नेपाल सांगीतिक संघका अध्यक्ष मिलन मोक्तान, गीतकार रत्नशमशेर थापा, किरण खरेल, राजेन्द्र थापालगायतका गीतकार हरूको उपस्थिति रहेको थियो । उपस्थिति अतिथिहरूले गीतसंगीतको वर्तमान अवस्थाका बारेमा बोल्दै गीतकार संघका नयाँ कार्यसमितिले नयाँ योजना र प्रतिनिधित्व गर्दै अगाडि बढोस् भन्दै शुभकामना व्यक्त गरेका थिए । कार्यक्रम संघका महासचिव शुभ मुकारूङले संचालन गरेका थिए ।

प्रस्तोता समाज नेपालको
अनुरोध

गायक, गायिका एवम् प्रस्तोताहरुको रोयल्टी संकलन तथा वितरण कार्यलाई व्यवस्थित बनाउनका लागि विश्व बौद्धिक सम्पत्ति संगठन (WIPO) बाट उपलब्ध WIPOCOS Software यस सामाजले कार्यान्वयनमा ल्याइसकेको हुँदा सम्पूर्ण गायक, गायिका एवम् प्रस्तोताहरुलाई आफ्नो प्रस्तुतिको सम्पूर्ण विवरण यस समाजको कार्यालयमा उपलब्ध गराउन तथा रोयल्टी संकलन गर्नका लागि यस समाजसँग सम्झौता गर्न अनिवार्य भएकोले यस समाजको सदस्यता लिन, नविकरण गराउन तथा सम्झौता गर्न बाँकी रहनुभएका गायक, गायिका एवम् प्रस्तोता सदस्यहरुलाई यथासक्य छिटो सदस्यता सम्बन्धी सम्पूर्ण प्रक्रिय पूरा गरिदिनुहुन सूचित गरिन्छ ।

प्रस्तोता समाज नेपाल
PERFORMERS SOCIETY OF NEPAL (PSN)
अनामनगर, काठमाडौं, फोनः ०१-४२४५७४२
इमेलः performersnepal@hotmail.com
वेभः www.performersnepal.org.np

# सफल साङ्गीतिक जोडी


गायक रामकृष्ण ढकाल र मोडल निलम ढकाल


संगीतकार विपिन आचार्य र गायिका माण्डवी त्रिपाठी


गायिका अन्जना गुरूङ र गायक कन्हैया सिंह

**सबिता पोखरेल/म्यूजिक खबर**

संसारका प्रेमील जोडीहरूको महान दिवस भ्यालेन्टाइन डे पाश्चात्य सभ्यताका देशहरूमा मनाउन थालिएको लामो समय भैसकेको छ । आधुनिकतातर्फ लम्किरहेको हाम्रो नेपाली समाजमा पनि विगत पछिल्ला वर्षहरूदेखि प्रेमील युवा युवतीहरू यस दिवसलाई निकै महत्वका साथ मनाउन थालेका छन् । हुन त कतिपयले यो पर्व खाली एक युवा र युवतीको प्रेम अभिव्यक्तिको रूपमा मात्रै नमानेर समग्रमा प्रेममय बनाउनुपर्छ पनि भन्ने गरेका छन् । प्रेम मानवको सबैभन्दा शक्तिशाली संवेदना हो । भनिन्छ, संसार प्रेमले नै अडिएको छ । यसर्थ प्रेम दिवस अविवाहित प्रेमीहरूका लागि मात्र नभई सफल दाम्पत्य जीवन चलाइरेका जोडीका लागि पनि झन् आवश्यक देखिन्छ । यसै सन्दर्भमा हामीले एउटै धरातलमा अर्थात् सांगीतिक क्षेत्रमा सहकार्य गर्दै आएका उदाहरणीय, आकर्षक र आदर्श सांगीतिक जोडीहरूलाई यहाँ प्रस्तुत गरेका छौं । जसले रमाइलोका साथ सहयात्रा गरिरहेका छन् । घरगृहस्थी चलाइरहेका छन् । प्रेमालाप गर्दै दुई जीवन एक कर्म बनाएर जीवनमा खुसी देखिएका छन् ।

## कुन्ती मोक्तान–शिलाबहादुर मोक्तान

घरगृहस्थी र गायन तथा संगीतलाई साथसाथै लाने जोडी हो– कुन्ती मोक्तान र शिलाबहादुर मोक्तानको । यो जोडीको सहयात्रा निकै लोभलाग्दो छ । एउटै क्षेत्र संगीतमा सक्रिय यो दम्पतीले धेरै चर्चित गीतहरू दर्शक स्रोताका लागि पस्किसकेको छ । जहाँ कुन्तीको आवाज हुन्छ त्यहाँ शिलाको संगीत पनि हुन्छ । चोली राम्रो पाल्पाली ढाकाको, कोही भन्छन् जिन्दगी, कती काट्छौ कुराहरू, निष्ठुरी मायालु, माथी माथी सैलुङ्गेमा लगायतका गीतहरूमा कुन्तीको आवाज छ भने शिलाको संगीत पनि गुन्जिन्छ ।

## उदितनारायण झा–दीपानारायण झा

यो जोडीको नाम गायन क्षेत्रमा गर्वका साथ लिने गरिन्छ । उदितको गायन यात्रामा उनकी पत्नी दीपा गहतराजले पनि उनलाई साथदिएकी छिन् । दीपाले दर्जनौ नेपाली फिल्मका गीतहरू गाएकी छिन् । नेपाली संगीतको क्षेत्रमा जम्नै लाग्दा बलिउडमा छिरेका गायक हुन् उदित । उनले नेपाली फिल्मका गीतमा जति सफलता पाए त्यो भन्दा धेरै सफलता बलिउड फिल्मका गीतहरूमा पाएका छन् । उनले भारतको तर्फबाट नेशनल अवार्ड, फिल्म फेयर अवार्ड, पद्म श्री अवार्ड लगायतका अवार्डहरू हात पारेका छन् । नेपालबाट भारतमा गएर यति धेरै सफलता हात पार्ने उदित सायद पहिलो नेपाली गायक हुन् । उनका कुसुमे रूमालदेखि हालसम्मका गीतहरू नेपालमा सदाबहार बन्न सफल भएका छन् ।

## रामकृष्ण ढकाल–नीलम ढकाल

थुप्रै कालजयी गीतहरू गाएर लोकप्रिय बनेका गायक रामकृष्ण ढकाल र उनकी श्रीमती नीलम ढकालको जोडीलाई नेपालको सांगीतिक क्षेत्रमा आकर्षक र आदर्श जोडीको रूपमा मानिन्छ । दोश्रो नारायण गोपाल भनेर पनि चिनिने रामकृष्णका ओराली लागेको, हिरा काट्ने, विहान उठ्ने वित्तिकै देखि हुरीमा दियोसम्म आइपुग्दा प्राय सबै गीतहरू सदाबहार बन्न सफलभ भएका छन् । भने नीलम ढकालले पनि म्यूजिक भिडियोहरूमा मोडलिङ गरेर आफूलाई सक्रिय बनाएकी छिन् । भ्यालेन्टाइन डेलाई समय अनुकुल रहेसम्म यो जोडीले एनिभर्सरीकै शैलीमा मनाउने गरेको छ । रामकृष्ण भन्छन्– ' प्रेम दिवस अविवाहित प्रेमि/प्रेमिकाका लागि मात्र होइन, हामीजस्ता विवाहित जोडीका लागि पनि हो ।'

## निर्मल होडा–रिमा गुरुङ होडा

सांगीतिक समूह रक योगिजमा ड्रमरका रूपमा व्यस्त छँदा संगीतकर्मी निर्मल होडाले सांगीतिक क्षेत्रकै युवतीसँग विवाह गर्छु भन्ने सोचेकै थिएनन् । तर पुराना संगीतकार प्रकाश गुरूङको तर्फबाट उनकी छोरी तथा गायिका रिमा गुरूङसँग विवाह गर्ने प्रस्ताव आएपछि निर्मलले नाइँ भन्न चाहेनन् । उनीहरूको भेटले प्रेमको रूपमा लिनुअघि नै परिवारको सल्लाहमा दुवैले विवाह गरे । रिमाका नजरको दोषी बनी, कसको आँखा लाग्यो लगायतका दर्जनौं गीत चर्चामा छन् ।

## रामभक्त जोजिजू – ईतु जोजिजू

गायक रामभक्त र गायिका ईतु जोजिजू श्रीमान श्रीमती बनेको पनि डेढ दशक भइसक्यो । सांगीतिक कार्यक्रमका क्रममा भेटिएपछि एकअर्काको नजिक आएका यिनीहरू यतिबेला संगीतकर्ममा सफल सांगीतिक जोडीका रूपमा रमाइरहेका छन् । सँगसँगै गीति एल्बमसमेत प्रकाशित गर्दै आएको यो सांगीतिक जोडी गजल साँझहरू र कन्सर्टहरूमा समेत सँगै प्रस्तुत हुन्छ । उडेर जून छुन्छु भन्थे, के बर मागीलगायतका दर्जनौ गीत रामभक्तका सदाबहार बन्न सफल भएका छन् भने गजल गायनमा सफल यो जोडी संयुक्त गायनमा पनि उत्तिकै सक्रिय छन् ।

## कन्हैया सिंह–अञ्जना गुरुङ

गायक कन्हैया सिंह र गायिका अञ्जना गुरूङ एउटै पेसामा आबद्ध यी दुईको जोडी सांगीतिक क्षेत्रका लागि उदाहरणीय छ । संगीतकारका रूपमा समेत स्थापित कन्हैयाले श्रीमती अञ्जनाका लागि थुप्रै रोमान्टिक गीत तयार पारिदिएका छन् । अञ्जनाले गाएका आँखैमा राख्छु मेरो देश, जसले मुटु चुडेर लग्यो, मत काली सुन्दरी लगायत थुप्रै लोकप्रिय गीत छन् भने कन्हैयाको तिम्ले भुल्न सके पनि, पश्चिमको छोरो लगायत गीतहरू लोकप्रिय बनेका छन् । एउटै पेसामा आबद्ध भए पनि एक/अर्कामा प्रतिस्पर्धी भावना नआउने यो जोडीको अनुभव छ । जति गायनमा यो जोडी जमेको छ त्यति नै घरगृहस्थी पनि चलिरहेको छ ।

## मनिला मनिला–उदय सोताङ

नेपाली सांगीतिक क्षेत्रमा उनीहरूको जोडी जति जमेको छ, त्यति नै रमाईलो गरी घरगृहस्थी पनि चलिरहेको छ । गायनममा सक्रिय र सफल यो जोडीको चर्चा पनि नेपाली सुगम संगीतमा गर्वका साथ गरिन्छ । उनीहरूको नाममा नेपालको शान झल्किन्छ । उनीहरूको सहयात्रा निकै रमाईलो छ । परेको बेला एकलाअर्काको साथ पाउनु नै एउटै क्षेत्रको सहयात्राको फाईदा हो । यो कुरा उनीहरूको जीवनमा प्रष्टै देखिन्छ । यो जोडीले सँगसँगै सयौं गीतमा आवाज दिएका छन् । तिमी बिना बाँच्न गाह्रो भो, उकाली चढौला लगायत दर्जनौ गीतहरूमा उदय र मनिलाको आवाज सुन्न पाईन्छ । उनीहरू सफल सांगीतिक जोडी भएर गजल गायनमासमेत परिचित भएका छन् ।

## रामचन्द्र काफ्ले – जुनु रिजाल

जुनु र रामचन्द्र काफ्लेको जोडीलाई पनि यो क्षेत्रमा आकर्षक र आदर्श जोडी मानिन्छ । घरगृहस्थी टिकाउन र सङ्गीत कर्म बिकाउन सफल यो जोडीले दर्शक, श्रोताका लागि थुप्रै लोकप्रिय सांगीतिक कोशेलीहरू समर्पण गर्दै आएका छन् । नेपाली पप लोक, फिल्मी गीतहरूमा आवाज दिने गरेका छन् राम र जुनुले । उनीहरू एल्बम, फिल्मदेखी स्टेज शोसम्म एकसाथ देखा पर्ने गरेका छन् । एक दशकअघिदेखि सुरू भएको उनीहरूको गायनको सहयात्रा आजसम्म पनि निरन्तर छ । रामचन्द्रले गाएको दार्जिलिङको, ड्राइभरमा माइलोदेखि मात लाग्योसम्मका गीत लोकप्रिय बनेका छन् भने जुनुको फूल मञ्जरी, डाँफे झैं नाच्ने लगायतका दर्जनौं गीत लोकप्रिय छन् ।

## राजु ढकाल/ देवी घर्ती

नेपाली संगीतको दुनियाँमा राजु ढकाल र देबी घर्तीको जोडीलाई पनि निकै लोभलाग्दो जोडीका रूपमा लिईन्छ । लोक दोहोरीको क्षेत्रमा गरिमामय स्थान बनाउन सफल भएको देवी र राजुको जोडीले आफ्नो घरगृहस्थी टिकाउन सफल भएको छ । दुवै जना एउटै क्षेत्रमा सक्रिय भएका कारण पनि उनीहरूलाई सजिलो भएको छ । कामका बारेमा आफूलाई परेको समस्या एकर्आसँग सेयर गर्न निकै सजिलो हुने गरेको उनीहरू बताउँछन् । एक छोराका मातापिता बनिसकेका राजु र देवीले एकअर्कालाई राम्ररी बुझेका छन् । आमा खुशी, आँपैको अचार, आफू त परियो दोहारीको फ्यानलगायत उनीहरूले गाएका धेरै गीत लोकप्रिय बन्न सफल भएका छन् ।

## सिन्धु मल्ल र सुदाम थापा

सिन्धु मल्ल र सुदाम थापा गायिका सिन्धु मल्लले पनि गायनमा पतिको साथ पाईन् । संगीतकार सुदाम थापाले उनको यात्रालाई साथ दिएर सहज बनाईदिए । सिन्धुले लोक गीत, आधुनिक गीत र फिल्मका गीतहरू गाएकी छिन् । उनको सबैभन्दा चर्चित गीत हो ससुरालीमा भो नजर नलगाउ कान्छी सालीमा । त्यस्तै सुदामले पनि केही गीतमा संगीत भरेका छन्, जुन गीतमा सिन्धुकै आवाज छ । सांगीतिक यात्राबाट बाँधिएको यो जोडी यतिबेला घरगृहस्तीमा व्यस्त बनेको छ ।

## माण्डबी त्रीपाठी– बिपीन आचार्य

माण्डबी र संगीतकार बिपिन आचार्यको सहयात्रा पनि निकै लोभलाग्दो छ । उनीहरूले काममा एकले अर्कालाई साथ र सहयोग गर्ने गर्छन् । एकले अर्कालाई राम्ररी बुझेका कारण पनि उनीहरूले राम्रो सफलता हात पारेका छन् । माण्डवीको ढल्क्यो ढल्क्यो, बारूले कम्मर, सिम्पल सिम्पल जस्ता गीत चर्चित छन् । विपिन संगीतकार र एरेन्जरको रूपमा लोकप्रिय छन् । यिनीहरूको जोडी पनि संगीतकर्मले नै जुराएको हो । यतिबेला सुखद दाम्पत्य जीवनसँगै सांगीतिक सहकार्यमा यो जोडी सक्रिय रहेको छ ।

## गणेश पराजुली– यशोदा पराजुली

दिन ढल्यो अँधेरी रातमा जस्तो लाखौं दर्शकले मन पराएको यस गीतकी गायिका यशोदा पराजुली र संगीतकार गणेश पराजुली पनि संगीत क्षेत्रमा सहकार्य गर्दै, गृहस्थी टिकाउन सकेको आदर्श जोडी हो । यस्ता दर्जनौं चर्चित गीत यी जोडीले नेपाली सांगीतिक क्षेत्रमा पस्किसकेका छन् । गायन यात्राबाट दाम्पत्य जीवनमा जोडिएका यी जोडीले विगत अढाई दशकदेखि गायन यात्रालाई निरन्तता दिँदै आएका छन् । यी दम्पतीको उता तिमी आधा, यता छु म आधा, माया फूल हो माया पात हो जस्ता धेरै युगल गीतहरू छन् । प्रेम गीत गाउँदा पनि यशोदाका गीतमा गणेशप्रतिको माया र गणेशका गीतमा यशोदाप्रतिको माया देखिन्छ । यी दम्पतीका गीत श्रोताका लागि प्रेमीले प्रेमिकालाई तथा प्रेमिकाले प्रेमीलाई भनेजस्तो लाग्छ । गणेशले गायकको सुन माया जाँदै छु म टाढा, तिमीलाई अपनाउ भनेर, यशोदाको दिन ढल्यो अँधेरी रातमा, तिमी छौ पारि आफू छु वारि, के माग्छौ भनी कसैले सोधेभनेजस्ता गीतहरू एकले अर्कालाई गाइएको यी दम्पतीको भनाइ छ ।

त्यसो त गायिका निशा सुनार र निर्देशक शंकर बिसी, गायक विमल डाँगी र गायिका सरिता डाँगी, गायिका टीका प्रसाई र गायक मेघराज गुरूङ, संगीतकार महेश खड्का र निर्देशक मिनाक्षी कोइराला, लक्ष्मी मल्ल र श्रीकृष्ण बममल्ल, सुबास केसी र प्रिति आले, राधिका हमाल र कृष्ण पुन, विन्दु परियार र सुदीप सागर, गीता रेउले र जेबी डीसी लगायतले संगीतलाई कर्मथलो बनाइरहेका छन् भने गायिका विष्णु माझी र सुन्दरमणी अधिकारीको जोडी पनि मिडियामा नखुले पनि सांगीतिक यात्राकै क्रममा बनेको जोडीका रूपमा देखिन्छ ।



www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Fortnightly Magazine पाक्षिक

दीपक शर्मासँग सङ्गीतकारको कथा

# दीपझैं चम्केका दिपक



संगीत क्षेत्र चुनौती, संघर्ष र साधनाको क्षेत्र हो । पछिल्लो समयमा सांगीतिक धरातलमा दीपझैं प्रज्वलीत हुँदै गएका संगीतकार दिपक शर्मा यस क्षेत्रमा प्रवेश गरेको १२ वर्ष वितिसकेको छ । यो अवधिमा उनले धेरै संघर्षका पहाडहरू चढिसकेका छन् । उनी चुनौती, संघर्ष र साधनाले खारिएका छन् । सपना भन्ने कुरा पनि अचम्मकै हुँदो रहेछ । विद्यालयमा दिपक भन्दा राम्रा गाउनेहरू थुप्रै थिए । गीत लेखनमा चाहिं दिपक अगाडि । गायनमा राम्रो सम्भावना भएका साथीहरूलाई यो क्षेत्रको कुनै मोह रहेन । तर उनीहरूको तुलनामा धेरै कमजोर दिपकले यो क्षेत्रको विकल्पमा अन्य केही देख्दैनन् । म्याग्दीको कुँहुँमा माध्यमिक तहको शिक्षा पूरा गरेपछि आफ्नो सपनालाई पूरा गर्न २०५९ सालमा राजधानी छिर्दा उनको सपना नामी गायक बन्ने थियो । सात कक्षादेखि आफैंले लेखेका दुई सय गीतहरूको संकलन भएको डायरी र १२ सय रूपैयाँ बोकेर घरबाट निस्किएका थिए उनी । म्याग्दीदेखि काठमाडौंसम्मको दूरीमा यात्रा गरिरहँदा उनले सजिलै नाम दाम कमाउने सपना देखिरहे । संघर्ष, चुनौति र प्रतिस्पर्धाको शहर काठमाण्डौमा जब उनले पहिलो पाइला टेके तब उनलाई आफ्नो सपना केवल सपना मात्र पो बन्ने हो की भन्ने शंका र डर लाग्यो । किनभने यो शहरमा आइपुग्दा उनीसँग रू. ४५० मात्र बचेको थियो । 'राजधानीमा त गीत पनि बिक्री हुन्छन् रे भन्ने सुनेको थिएँ । मेरा पनि दुई सय गीत छन् । प्रत्येक गीतको १००० का दरले बिक्री गरें भने पनि २० हजार आउनेछ । अनि काठमाण्डौ बसाई त्यति कठिन हुने छैन', उनले सोचेका थिए । तर सोचेजस्तो कहाँ रहेछ र ? उनले शुरूवाती दिन सम्झिए । यहि क्षेत्रको सपना बुन्दै सुन्धाराको गेष्टहाउसमा काम गरे । त्यहाँ पनि कलेज जान थालेपछि कामबाट निकालियो । परिस्थिति जस्तोसुकै आएता पनि उनले आफ्नो रहर र सपनालाई अर्को बाटोमा भने मोडेनन् । सांगीतिक संघर्षको उच्च विन्दुको सामना गरिरहे ।

आफूलाई अहिलेसम्म संगीतकै विद्यार्थी भएको बताउँछन् । उनले संगीतकार राम सिटौला, नरहरि प्रेमीसँग संगीतको ज्ञान लिएका हुन् । राजकुमार मालाकारलाई गिटार, पियानोको गुरू थाप्दै छन् । त्यस्तै किबोर्डको चार वर्षे कोर्ष गर्ने योजना पनि छ उनीसँग । हार्मोनियम, गिटार बोकेर आश देखाउने प्रोड्युसरहरूको पछि लाग्दा निराश बनेको तितो अनुभव पनि छ उनीसँग । प्रोड्युसरले संगीत सुनाउँदा तिमी संगीतकार बन्नु भन्दा हिरो तिर ट्राई गर भन्ने वचनले उनलाई स्थापित संगीतकार बन्ने जोश झन् बढ्यो । त्यसपछि नै उनका गीतहरू पनि हिट हुँदै गए ।

उनले सर्वप्रथम संगीत गरेको चलचित्र 'तेजाब' हो । जतिबेला उनी २० वर्षको अल्लारे थिए । शर्माले लगभग दुई दर्जन चलचित्रमा संगीत दिइसकेका छन् । चलचित्र 'सम्झी राख है'को 'आँधीखोला उर्लीएर' बोलको गीत टर्निङ प्वाइन्ट बन्यो । उक्त गीतले उनलाई डि सिने अवार्डमा उत्कृष्ट संगीतकारको अवार्ड नै दिलायो । उनका चलचित्र छक्का पञ्जाको देखन चम्पा, किस्मत-२ को तिम्रो पिक्चर हिट, हवल्दार सुन्तलीको डोला डोला लगायतका गीतले यतिबेला बजार तताईरहेको छ । चलचित्र अप्रिल फुलबाट 'तेरो मेरो पिरती भयो कस्तो-कस्तो' र दबाबको 'मेरो पावरफुल बैशको झड्काले' पनि उनका सफल गीत मानिन्छन् । कुनै समय महिनामा मुस्किलले एउटा गीत समेत नपाउने उनलाई यी गीतले व्यस्त बनाउँदै लगेको छ ।

दिपक भन्छन्-'पिक्चर हिट गीत वडा नं. ६ का लागि दिपक दाईसँग कुरा भएको थियो । कारणवश त्यो किस्मत-२ राखियो । पिक्चर हिट वास्तवमै हिट पनि भयो । चलचित्र छक्का पञ्जाको देखन चम्पाको गीतले भने उनलाई यतिबेला थप उचाईमा पुऱ्याएको छ । उक्त गीत अर्कै चलचित्रका लागि भनेर बनाइएको गीत थियो । सो चलचित्रका निर्माता/निर्देशकलाई गीत सुनाएपछि कहाँ यस्तो नि गीत हुन्छ भनेर थर्काउनुभयो, गीत रिजेक्ट भयो । त्यसको ३ महिनापछि दिपक दाइलाई गीत सुनाएँ । उहाँले छक्का पञ्जाका लागि ओके गर्नुभयो । गीत अत्यन्त सफल भयो । सो गीतको सफलताले कामको चाप थपिएको छ । थुप्रै गीतहरू लाइनमा छन् ।'

उनको निरन्तरता र संघर्षका कारण यो समयसम्ममा ७ सयभन्दा बढी गीतहरूमा संगीत भरिसकेका छन् । उनी संगीत क्षेत्रका हरेक विधामा पोख्त छन् । उनले लेखेका शब्द पनि उत्तिकै चर्चित छन् । 'छुट्टिएर तिमीसँग', 'जिन्दगीको सवाल हुन्छ', 'मलाई आफ्नो बनाएर', 'सबैले मलाई घृणा', 'रूँदै हुन्छु' लगायतका सुगम संगीतका गीतहरू श्रोताको मनमा बस्न सफल भएका छन् । नयाँदेखि अहिले बजारमा नाम चलेका गायकहरूले शर्माको संगीतमा गीत गाइसकेका छन् । सेन्टिमेण्टल भन्दा रोमान्टिक गीतहरू नै बढी छन् तापनि उनलाई सुगम संगीततर्फ भने सेन्टिमेण्टल गीतले चर्चित बनाएको छ । उनी गायन र एरेञ्जमा पनि उत्तिकै निपूर्ण छन् । पछिल्लो समयमा आफ्नै स्वर, शब्द, एरेञ्ज अनि संगीतमा रहेको लोक पप शैलीको 'हे बरै' बोलको गीतमा अभिनय समेत आफैं गरेका छन् ।

रणनीतिभित्रको राजनीतिले म्यूजिक क्षेत्र पनि अछुतो नरहेको बताउँदै स्रष्टा र प्रोड्युसरका हितका लागि खोलिएका संघ-संस्थाले यो क्षेत्रमा कुनै प्रभाव पार्न नसकेको उनले दुःखेसो पोखे । अबका दिनमा स्रष्टा र प्रोड्युसरले यो क्षेत्रप्रतिको समर्पणले आफूलाई गौरवशाली महशुष गर्नसक्ने वातावरण बनाउन ती संघ-संस्थाहरूले योगदान दिनुपर्ने दिपकले बताए ।

१२ वर्षको सांगीतिक संघर्ष गर्दा जति कठिनाई भोगे त्यो भन्दा बढी उनले पारिवारिक संघर्ष गर्नुपऱ्यो । संगीतकर्ममा उनको परिवारको सहमति थिएन । परिवारको चाहना छोरो शिक्षक बनोस् यदि त्यो बन्न नसके बरू विदेश जाओस् भन्ने थियो । सांगीतिक र पारिवारीक संघर्ष गर्दै संगीतमा समर्पण भएका दिपकको परिवार उनीप्रति पोजेटिभ भएको ३ वर्ष मात्र पुग्दैछ । जब संगीतको क्षेत्रमा स्थापित बन्दै गएँ अनि परिवार पनि बुझ्दै गयो, दिपकले भने । अबको यात्रा सहज बन्दै जानेमा उनी ढुक्क छन् ।

प्रस्तुतिः सबिता पोखरेल

# पिंकीलाई मिस तामाङ २०१७ को उपाधि



काठमाडौंकी पिंकी घिसिङले जितेकी छन् । नेपाल प्रज्ञा प्रतिष्ठानमा शनिबार भएको मिस तामाङको दसौं संस्करणमा पिंकीले ३४ प्रतियोगीलाई पछि पारेकी हुन् ।

२८५३ औं ज्या सोनामल्होछारको अवसरमा एभरेष्ट फेशनहोम र नेपाल तामाङ कला संस्कृति केन्द्रको संयुक्त आयोजनामा भएको मिस तामाङमा ३४ जना प्रतियोगीहरूलाई पछि पार्दै घिसिङले यस बर्षको ताज जित्न सफल भएकी हुन् । कार्यक्रममा निर्णायक मण्डलका संयोजक सांसद तथा सिभिलहोमका अध्यक्ष इच्छाराज तामाङले 'एक जना तामाङकी छोरी नेपालको प्रधानमन्त्रीबन्न सक्छ कि सक्दैन ? किन र कसरी ?' भन्ने प्रश्न राख्ने क्रममा उत्तर दिर्दै घिसिङ ताज पहिरिन सफल भएकी हुन् । त्यसैगरी काठमाडौंका नावाङ मोक्तानले बेष्ट वाकको अवार्ड सहित फष्टरनरअप जितिन् र धादिङका रिता थिङ मस्ट पपुलरको अवार्ड सहित सेकेण्ड रनरअप भइन् । विजेताले क्रमशः एक लाख, पचास हजार र पच्चीस हजार नगदसहित प्रमाणपत्र प्राप्त गरेका हुन् ।

त्यसैगरी मिस फोटोजेनिक आस्मा मोक्तान, मिस भर्स ट्यालेन्ट श्रीयम थिङ, मिस ब्यूटीफूल गंगा पाख्रिन, मिस अनलाइन सरला ब्लोन, बेष्ट पर्सनालिटी नविना लामा योञ्जन, मस्ट डिसिप्लिन आस्ना स्याङ्दान र बेष्ट हेयरमा कुमारी बज्युले जितेका छन् ।

निर्णायक मण्डलमा संयोजकसहित नेपाल एयरलाइन्सका क्याप्टेन विजय लामा, धनबहादुर तामाङ, राजेश थापा, भुपाल तामाङ, मोक्तान डिजिटलका शम्भु मोक्तान र नायिका छुल्टिम गुरूङ रहेका थिए । कार्यक्रममा विशेष अतिथि काठमाडौं महानगरपालीका कार्यकारी प्रमुख रूद्रसिंह तामाङ, अतिथिहरूमा सरोज लामा, सुस्मीता तामाङ हेम मोक्तान, मायालु ङेसुर लगायतका थिए ।

एभेरेष्ट फेसनहोमका निर्देशक रञ्जीता ब्लोन लामाका अनुसार यस अघि जेनिशा मोक्तान, उपाली ग्याबाक, समी बज्यु, रोजिना घिसिङ, सुमि मोक्तान, लाक्पा तामाङ, मुनाश्री तामाङ, लक्ष्मी मोक्तान तामाङ र उर्मिला लामा योञ्जनले मिस तामाङको ताज पहिरिसकेका छन् ।

कार्यक्रमको विचविचमा गायक विजय लामा, आसुशेन लामा, संजोक योञ्जन, महादेव त्रिपाठी, दिपेन शाह लगायतका कलाकार र म्हेन्दोमाया समुहले बेजोड प्रस्तुति दिएका थिए ।





२०७३ माघ १५ देखि २९ सम्म

www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Fortnightly Magazine पाक्षिक

# गीता राई, मोडल

तस्वीरः दीपेश राजथारू

गीता राई, मोडलिङ दुनियाँमा स्थापित नाम हो । नृत्यमा पारङ्गत गीताले चर्चित लोकदोहोरी गीत झिमझिम सानु नझिम्क्याउ परेलीलगायत चाहियो जागिर, निष्ठुरी मायालु, छाडि जाने निष्ठुरी, उनकै सम्झनामा लगायत सयौं म्यूजिक भिडियोमा अभिनय गरेकी छन् । प्रहरी सेवाको सांस्कृतिक विभागमा कार्यरत रहेकी गीता राई आफूलाई भद्धा रूपमा प्रस्तुत गर्न हुन्न, सभ्य तरिकाले प्रस्तुत हुनुपर्छ भन्ने गर्छिन् । कलाकार भनेको सभ्य र सालिन हुनुपर्छ किनकी समाजले कलाकारको सिको गरिरहेको हुन्छ । कलाकारिता भनेको समाजको ऐनाको रूपमा देखिन्छ त्यसैले हामीले समाज अनुसार चल्न सक्नुपर्छ भन्ने गर्छिन् । तर कलाकार व्यवसायिक रूपमा चल्न भने समय सान्दर्भिक बन्न सक्नुपर्छ, गीतले भनिन् ।



www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Fortnightly Magazine पाक्षिक

## फिल्मी खबर

# चलचित्र प्रवर्द्धनका लागि कार्यदल

**म्यूजिक खबर** । नेपाली चलचित्रका विविध समस्या समाधानका लागि नेपाली चलचित्रमा काम गरिरहेका सम्पूर्ण पैशागत संगठन एक जुट भएका छन् । निर्माता संघ अध्यक्ष आकाश अधिकारीकौ पहलमा चलचित्र क्षैत्रमा काम गरिरहैका अन्य पेशागत संगठनका अध्यक्षहरूको शनिबार बैठक



बसेर नेपाली फिल्मका विभिन्न मुद्दामा एकजुट भएर अगाडि बढ्न सहमत भएका हुन् । शनिबार बसेको बैठकले निर्माता संघ अध्यक्ष आकाश अधिकारीको संयोजनमा विभिन्न संस्थाका संगठन प्रमुखहरू सदस्य रहने गरी ७ सदस्यीय समिति गठन गरिएको हो । चलचित्र प्रवर्द्धन समन्वय समिति नाम दिइएकौ सौ समितिको सदस्यहरूमा रामकेशर बोगटी, कलाकार संघ,सुचित्रा श्रेष्ठ, निर्देशक समाज, राजेन्द्र रायमाझी (युगेश रायमाझी), लेखक संघ, पुष्कर लामा,प्राविधिक संघ, सूर्य थोकर लामा,द्वन्द्ध संघ र सम्राट सापकोटा उपकरण व्यवसायी संघ, रहेका छन् । गठन भएको भोलिपल्ट सक्रियता देखाउँदै समन्वय समितिले आइतबार सञ्चारमन्त्रीलाई भेटी नेपाली चलचित्र क्षेत्रका विविध समस्याका सम्बन्धमा छलफल गरेको छ । संयोजक आकाश अधिकारीले आइतबारको छलफलमा निर्माणको क्रममा रहेको औद्योगिक व्यवसाय विधेयकमा रहेका केही बुँदाले नेपाली चलचित्र क्षेत्रलाई सही तरिकाले पहिचान नगरेकौ भन्दै सञ्चारमन्त्रीलाई उधोग मन्त्रालय अन्तर्गत बन्न लागोको विधेयकमा नेपाली चलचित्रको सही पहिचान हुने प्रावधान राख्न आग्रह गरेको थियो ।

" नेपाली फिल्ममा करौंडौंको लगानी छ र यसमा लाखौंले रोजगारी पनि पाएका छन् । तर, सरकारले अहिलेसम्म पनि चलचित्र क्षेत्रको यो योगदानको कदर गरेको छैन । हामीले उद्योगमन्त्री र सञ्चारमन्त्री दुवैमा आफ्नो यो चासोलाई औपचारिक रूपमा व्यक्त गरिसकेका छौं । उहाँहरूले हाम्रो चासोलाई हार्दिकताका साथ ग्रहण गर्नु भएको छ । चलचित्रलाई राष्ट्रिय प्राथमिकताको उद्योग अन्तर्गत राख्न सकेको खण्डमा नीतिगत रूपमा यो चलचित्र क्षेत्रका लागि एउटा ठोस उपलब्धि हुनेछ," सम्योजक अधिकारीले भने । नेपालमा कुनै पनि विदेशीले नेपाली फिल्ममा लगानि गर्दा अनिवार्य रूपमा कम्पनिको शेयर खरिद गर्नु पर्ने प्रवधान रहेको थियो र अब बन्ने विदेशीक लगानी विधेयकमा पनि सोहि कुरा उल्लेख रहेको हुँदा यसले नेपाली फिल्ममा लगानी गर्न चाहाने विदेशीलाई सहज नभएको भन्दै अधिकारीले सोही विधेयकमा रहेको विदेशी लगानी सम्बन्धी विधेयकमा पनि परिमार्जन गरी सम्झौताका (MOU) का आधारमा सजिलोहुने गरी लगानीको अवसर प्रदान गर्न आग्रह गरेको बताए ।

एकै छातामुनी

-अडियो/भिडियो
-कभर डिजाइन एण्ड प्रिन्टिङ
-डविङ एण्ड प्याकिङ
-मिडिया प्रमोशन
-विमोचन कार्यक्रम

शुभकामना मिडिया सोलुशन
पुतलीसडक, काठमाडौं ०१-४०१०५४५

# समसामयिक राजनीतिमा 'मेरो देश'

म्यूजिक खबर

काठमाडौं । फागुन ६ गते रिलिज हुने चलचित्र मेरो देशले मंगलबार पत्रकार सम्मेलन मार्फत चलचित्रको बारेमा जानकारी गराएको छ । राजधानीमा कार्यक्रमको आयोजना गरेर चलचित्रको प्रोमो, गीत र पोस्टर सार्वजनिक गरिएको थियो ।

चलचित्रका निर्देशक देब नेपालले चलचित्र मेरो देशमा भ्रष्ट अपारदर्शी राजनीतिका कारण देश र जनताले भोगीरहेका प्रतिनिधिमुलक समस्याहरू केलाउने प्रयास गरेको बताए । मुलुकमा मौलाईरहेको भ्रष्टचार र अपारदर्शीतालाई न्यूनिकरण गरी देशलाई समुन्नतीको दिशातर्फ लैजान र शिक्षित युवाहरूको प्रयास र आधुनिक प्रबिधिको प्रयोगलाई चलचित्रले मुख्य बिषय बनाएको निर्देशक नेपालको बताए ।

यस्तै चलचित्रकी नायिका निशा अधिकारीले चलचित्र मेरो देश हाम्रै देश भित्रको कथा रहेको र देशभित्रको समस्यालाई उजागर गर्न खोजिएको बताईन । आफुले अहिलेसम्म गरेका चलचित्रहरू भन्दा फरक खाले चलचित्रमा काम गरेको बताउँदै अधिकारीले राष्ट्रप्रेमी चलचित्रमा कामगर्न पाउँदा खुसीको आभास भएको बताइन् ।

यस्तै नायक आयुष रिजालले पनि



चलचित्र मेरो देशमा पत्रकारको भूमिका निर्वाह गरेको बताउँदै पत्रकारले कलम मात्र होइन परिआउँदा मुड्किसमेत उठाउन तयार हुनुपर्छ भन्ने कामलाई प्रस्तुत गरेको बताए ।

कार्यक्रमका प्रमुख अतिथि चलचित्र पत्रकार संघका अध्यक्ष शान्तिप्रियले चलचित्र मेरो देश टाईटल जस्तै राष्ट्रियताको बिषयमा बनेको आभास गरेको बताए । चलचित्रले देशको समस्या उठान गरेको र समधानको लागी गरेका पहलहरूबाट सन्देशमुलक बन्न सफल हुने अनुमान शान्तिप्रियको थियो ।

चलचित्रका निर्माता उदय सापकोटाले चलचित्र मेरो देश सरल र सहज तरीकाले आम नेपालीको माया पिरतीको कथा समेटेर बनाएको बताए । राजनीतिमा आफुले भोगेका समस्याहरूलाई चलचित्र मार्फत दर्शकहरूलाई जानकार गराउन आफुले लगानी गरेको समेत निर्माता सापकोटाले बताए ।

चलचित्रमा प्रभाकर सापकोटा र पार्बती मैनालीको पनि लगानी रहेको छ । देब नेपालकै लेखन र निर्देशन रहेको यो चलचित्रमा निशा अधिकारी, आयुष रिजाल, प्रज्वल गिरी, निर शाह, ध्रुब कोईराला, पुष्पा पाण्डे, एकराज थापा, कृष्ण सिबाकोटी, किशोर झा, एमीश्री, दिपा थापा, एलिजा प्रधान लगाएतका कलाकार हरूले अभिनय गरेका छन् । चलचित्रमा बिबि अनुरागीको संगीत, रामजी लामिछाने र एलिजा प्रधानको कोरियोग्राफी, राजु किराँतको द्वन्द्व, किरणराज थापाको सम्पादन रहेको छ । चलचित्रलाई काठमाण्डौ उपत्यकामा बालाजी फिल्म्स् र उपत्यका बाहिर एफडि कम्पनीले बितरण गर्ने निर्माता सापकोटाले बताए ।

# रोधी अवार्डमा गणेश उत्कृष्ट संगीतकार




**म्यूजिक खबर** । राजधानीमा आज सम्पन्न रोधी सिने अवार्डमा उत्कृष्ट संगीतकार गणेश गुरूङ घोषित भए भने उत्कृष्ट गायिका अन्जना गुरूङ घोषित भइन् ।

निर्देशक प्रितम गुरूङद्वारा निर्देशित ४० वटा नेपाली, गुरूङ भाषाका चलचित्र मध्येबाट आयोजना गरिएको रोधी सिने अवार्डमा गणेश गुरूङले फ्हिरूमाला (मुगाको माला) चलचित्रबाट संगीतकारको अवार्ड चुमेका हुन् । उत्कृष्ट संगीतकारमा बी.बी. अनुरागी, नरजंग गुरूङ र आँसु लामालाई पछि पार्दै गणेश गुरूङ उत्कृष्ट संगीतकार घोषित भएका हुन् ।

त्यस्तै गायिका अन्जना गुरूङले चलचित्र मेरो सोल्टीबाट उत्कृष्ट गायिका बन्न सफल भएकी हुन् । राष्ट्रिय नाचघर जमल काठमाडौंमा हुने कार्यक्रममा करिब दुई दशकदेखि चलचित्र क्षेत्रमा रहेका प्रितम गुरूङद्वारा निर्देशित ४० वटा चलचित्रबीच प्रतिस्पर्धा गराई विभिन्न १८ विधामा उत्कृष्ट अवार्ड प्रदान गरिने आयोजकले जनाएको छ । रोधि डिजिटलले २०५२ सालदेखि गुरूङ समुदायमा लोप हुदै गएको भाषा, संस्कृति संरक्षण र सम्बर्धन गर्ने उद्धेश्यले विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । जनजातिका संस्कृतिमा आधारित चलचित्रहरू अहिले पनि राष्ट्रिय स्तरमा प्रदर्शन हुन नसकिरहेको अबस्थामा रोधी डिजिटलले एकल रूपमा गर्न लागेको यो प्रयास सह्रायिन भएको चलचित्र क्षेत्रका जानकारहरूको भनाई छ ।

# कतारमा छायाँकन सकाएर फर्कियो 'मन त परदेशी'

**म्यूजिक खबर** । देव नेपालद्वारा लेखन तथा निर्देशन गरिएको चलचित्र मन त परदेशीले विदेशमा गर्ने छायाँकन सबै सकाएर नेपाल फर्केको छ । निर्देशक देव नेपाल र अभिनेता दिपेश पाण्डे लगायतको टोली कतार पुगेर परदेशमा हुने छायाँकनका सम्पूर्ण कार्य सकेर नेपाल फर्केको छ । विदेशमा नेपालीहरूले भोग्ने पीडा, त्यहाँको काम र वातावरण अनुसार नेपालीले भोग्नुपरेको समस्याको बारेमा सबै छायाँकन सकिएको निर्देशक नेपालले म्यूजिक खबरलाई बताए ।

औपचारिक रूपमा फागुन ९ गतेबाट नेपालमा छायाँकनमा जान लागेको चलचित्र मन त परदेशीमा दुर्गाबहादुर खड्का, भुवन शर्मा कँडेल, निराजन अधिकारी निर्माता रहेका छन् । चलचित्रमा दिपेशराज पाण्डे, रेणु शर्मा, समिता गिरी, मुस्कान रेग्मी, राम बुढाथोकी, सन्ध्या पौडेल, किशोर कुमार खतिवडा, सौगात लामिछाने, विक्रम क्षेत्रीको अभिनय रहने भएको छ । चलचित्रको छायाँकन मरूभूमि नारायणले गर्ने भएका छन् । सन्ध्या पौडेलको नृत्य, सुशिला कुमालको श्रृंगार, राजु किराँतीको द्वन्द्व रहने यस चलचित्रमा पुस्कर सुनुवार र राजेश श्रेष्ठको संगीत रहने भएको छ । शंकर अधिकारी घायल र भुवन शर्मा कँडेलको गीत रहेको यस चलचित्रमा पुस्कर सुनुवार, मेलिना राई, राज सिग्देल, सपना वस्तीको स्वर रहने बताइएको छ ।




नेपाली समाजमा घटेको यथार्थपरक घटनाक्रमलाई चित्रण गर्दै एबी फिल्म्सको ब्यानरमा चलचित्र निर्माण हुन लागेको हो । अब केही समयमै यो चलचित्र फ्लोरमा जाने निर्देशक देव नेपालले बताए ।

# संगीत उद्योग त छ बेच्ने चिज नै छैन

## विपिन किरण,गीतकार



***विपिन किरणलाई चिनाउने गीत कुन हो ?***

मलाई चिनाउने गीत गजल न बिर्से तिमीलाई नपाएँ तिमीलाई नै हो । २०६५ सालमा बजारमा आएको किरण एल्बमभित्रको गजल थियो । यही गजले नै विपिन किरणलाई गजलकार, गीतकारका रूपमा चिनाउन सफल भएको हो ।

***रोयल्टी त यो गजलबाट धेरै पाउनुभयो होला है ?***

किरण एल्बमको प्रोड्युसर आफैं भएको नाताले कम्पनीसँग म आफैंले डिल गरेर बेचें । आरबिटी र कम्पनीसँग आएको रकमलाई त्यतिबेला नै रोयल्टी भनिन्थ्यो । त्यो हिस्सा भने पाएको छु । तर बौद्धिक सम्पत्तिको कुरामा गीतकार भएर पाउनुपर्ने रकम अहिलेसम्म पाएको छैन । सिआरबिटी र केही रेडियोबाट नगन्य रकम रोयल्टी संकलन समाजबाट पाएको छु । तर गीत हिट भएकै भरमा गीतकार भएर भने अहिलेसम्म पाएको छैन ।

***कसरी लेखियो न बिर्से तिमीलाई नपाएँ तिमीलाई ?***

त्यति धेरै याद त छैन । त्यतिबेला गजल लेख्न सिक्दै थिएँ । हाम्रो एउटा संस्था थियो अनाम मण्डली । त्यहाँ हरेक शनिबार गएर गजल वाचन गर्थ्यौं । त्यही बेला लेखिएको गजल । मैले लेखेका गजलहरूमा यो सातौं आठौं नम्बरको गजल थियो ।

***विपिन किरण गीत लेखेरै बाँचेको छ कि अरु व्यवसायबाट ?***

म कमर्शको विद्यार्थी हुँ । त्यो अनुसारको म्यानेजमेन्टका कामहरू गरिरहेकै छु । अहिलेको समयमा गीत लेखेरै बाँच्छु भन्न सर्किंदैन । ६० दशकमाभन्दा धेरै सुधार भएका छन् । रोयल्टीका कुराहरू धेरै अगाडि बढेका छन् । बौद्धिक सम्पत्तिको अधिकारमा हामीले जित हासिल गर्दै गयौं भने पक्कै पनि गीत लेखेर बाँच्ने दिन आउँछ ।

***गीतकार संघमा तीन कार्यकाल विभिन्न पदमा रहँदाको अनुभव कस्तो रह्यो ?***

सुरुमा त म सचिव भएर आउँदा संस्था भर्खर जन्मेको थियो । कसरी सदस्यहरू विस्तार गर्ने, कसरी अगाडि लैजाने भन्नेमा नै केन्द्रीत भयौं । पछि महासचिव भएर आउँदा योगेन्द्रमणि दाहाल अध्यक्ष हुनुहुन्थ्यो । त्यो कार्यकाल हामीले धेरै उपलब्धि हासिल गरेका छौं । संस्थालाई सिस्टममा लैजान र केही उल्लेखनीय काम गर्न सफल भएका छौं । कार्यालय संचालनदेखि नयाँ संविधानमा बौद्धिक सम्पत्ति जस्तो विषय लेखाउन संस्थाको प्रनिधित्व गरेका थियौं । त्यस्तै अग्रज स्रष्टालाई सम्मान गर्ने र संस्थाका सदस्यहरूका सिर्जनाबाट उत्कृष्ट सिर्जनालाई पुरस्कृत गर्ने कामको सुरुवात गरियो । पूर्वाञ्चल स्रष्टा भेला देखि दाङमा बृहत कार्यक्रम सम्पन्न गरिएको थियो । यस्ता धेरै काम सम्झनयोग्य छन् । हाम्रा गतिविधिलाई मूल्यांकन गर्दै नेपाल सरकारले दश लाख बजेट पनि छुट्याइदिएको थियो । धेरै उपलब्धि भएका छन् ती समयमा ।

***यतिको उपलब्धि गरेको व्यक्ति अन्तिम समयमा आएर त राजिनामा नै दिनुभयो नि ? के आइपर्‍यो त्यस्तो अप्ठ्यारो ?***

संस्थालाई क्रियाशील गराउन केही सुझावहरू राखेको थिएँ, तर त्यो सुझाव संस्थाका लागि पाच्य भएन । उपाध्यक्षको हैसियतले संस्थालाई अगाडि बढाउन खोज्दा सकिएन, त्यसैले नैतिकताको हिसाबमा मैले राजिनामा दिएको हुँ । मैले पद मात्रै लिएर हुन्न भिजन भएको अर्को व्यक्तिलाई पनि त्यो ठाउँ दिनुपर्छ भनेर मैले राजिनामा दिएको हुँ । त्यसमा साथीहरूले गलत रूपमा बुझ्नुभएको भए त्यस्तो केही होइन भन्न चाहन्छु ।

***गीतसंगीतको क्षेत्रमा लामो समय खर्च गरिरहँदा संगीत उद्योग उद्योगका रुपमा कहिले विकसित हुन्छ होला ?***

हामी संगीत उद्योग त भन्छौं तर उद्योगमा बेच्ने चिज नै छैन । कुनै स्रोताले गीत किन्न खोज्यो भने दिन सक्ने वातावरण नै छैन । म एल्बम निकाल्छु तर कुनै मोफसलको ग्राहकले तपाईंको ननपाइरेटेड कपी किन्न पाउँ भन्दा दिने ठाउँ नै छैन । ६० को दशकपछि प्रविधिले फड्को मार्‍यो तर हामीले त्यो प्रविधिसँगै व्यवसायलाई लैजान सकेनौं । प्रविधिसँगै जुन दिन व्यवसाय लैजान सक्छौं त्यो दिन राम्रो उद्योग बन्छ ।

***भनेपछि हामीसँग म्यानेजमेन्टको कमी छ ?***

हामी गीतकार संगीतकार भन्दा पनि उद्योगमा रहेका सदस्यहरूबीचको कुरा हो । उहाँहरूले आफ्नो उद्योगमा बेच्ने चिज उत्पादन गर्न नसक्नु नै उद्योग सफल नहुनु हो । संगीत उद्योगमै काम गरिरहनुहुने उद्योगीहरूले प्रविधिसँग व्यवसाय गर्न सक्नुपर्छ । उहाँहरूलाई सोध्दा गर्दैछौं भन्नुहुन्छ तर के कारणले रोकिएको छ, प्राविधिक पक्ष कहाँनेर कमजोर बनेको छ थाहा छैन ।

***विदेशमा कलाकारले पनि सरकारलाई दिन्छन् र सरकारले पनि कलाकारलाई दिन्छ हाम्रोमा चाहिँ खाली सरकारसँग खोजिन्छ किन होला ?***

होइन हाम्रो देशको संगीत क्षेत्रले अहिलेसम्म कुनै पनि ट्र्याक समातेको छैन । सरकारले पनि कुनै संगीत विकास बोर्ड जस्तो अवधारणा ल्याएर कलाकारलाई ट्याक्सको दायारामा ल्याउने हो भने राजश्व पनि उठ्छ र कलाकारलाई पनि सरकारले ट्याक्स लिएवापत भत्ताको व्यवस्था गर्‍यो भने यो क्षेत्रमा लागेका कलाकारको पनि भविश्य बन्छ, उद्योगमा सेन्सरको कुराहरू पनि अगाडि बढाउँदा वास्तवमा संगीत उद्योग बन्न सक्थ्यो । अहिले मुलुकमा भएको राजनीतिक अस्थिरताको चपेटामा संगीत क्षेत्र पनि परेको पक्कै हो । विदेशमा सिस्टम छ यहाँ सिस्टम बनेकै छैन ।

***पछिल्लो समय नैतिक अधिकारको कुरा उठिरहेको छ, संस्थामा रहँदा चाहिँ नैतिक अधिकारको लँडाइ कहाँसम्म पुर्‍याउनुभएको थियो ?***

नैतिक अधिकार भन्दा पनि अहिलेको विषय आर्थिक अधिकारको हो । रोयल्टीको विषय धेरै उठेका छन् । नैतिक अधिकार नै हनन् भएको कुरा गीतकार संघ, संगीतकार संघ जस्ता संघहरू मिलेर खोज्ने हो । म संस्थामा छँदा यस्तो कुराहरू आएका थिएनन्, हामी बौद्धिक सम्पत्ति र आर्थिक अधिकारका बारेमा दौडिरह्यौं । अब एउटा गीतकार सदस्यको नैतिक अधिकार हनन् भयो भने पहिलो गीतकार संघमा जान सक्नुपर्‍यो । किनकी गीतकार संघ उसको घर हो । परिवारको सदस्य अन्यायमा परेको घरमा जानकारी भएपछि पक्कै पनि न्याय पाउनेछ । हामीले चेतनामूलक कार्यक्रमहरू धेरै गर्‍यौं अबका दिनमा पनि गीतकार संघले गर्नेछ भन्ने आशा लिएको छु ।

*प्रस्तुतिः सुमन पण्डित*

# “जन्मेकै ठाउँको सपना देख्छु”



**म्यूजिक खबर ।** गीतसंगीतमा लाग्ने कोही पनि व्यक्ति पहिला नै गायक, गायिका नै बन्छु भनेर लाग्ने न्यून छन् । रहर सबैमा हुन सक्छ तर पेशाका रूपमा अरू नै सोच्ने र रहरै रहरमा संगीत क्षेत्रमा लागेर नाम, दाम कमाउनेहरू पनि धेरै छन् । त्यो रहरको विधाका रूपमा लिएकी गायिका हुन् विनिता लामिछाने ।

सौरपानी, ३ गोरखामा जन्मिएकी गायिका लामिछानेको सांगीतिक यात्रा भने कलेजको वेलकम कार्यक्रमबाट नै सुरु भएको हो । चितवनको वीरेन्द्र बहुमुखी क्याम्पसमा २०६१ सालमा भएको वेलकम कार्यक्रममा गीत गाएपछि उनले अन्य प्रतियोगिताहरूमा पनि भाग लिँदै आइन् । पहिलो गोरखा महोत्सव, चितवन महोत्सव, रत्ननगर महोत्सव, टुबोर्ग दोहोरी, किङफिसर दोहोरी, खुलामञ्चमा आयोजना हुने ल्होसार दोहोरी प्रतियोगितामा भाग लिँदै दोहोरीको यात्रा तय गरेकी हुन् । धेरै प्रतियोगितामा भाग लिए पनि रत्ननगर महोत्सव दुई पटकसम्म पहिलो स्थान हासिल गर्न सफल भएकी थिइन् लामिछानेले । चितवनमा हुँदा प्रत्यक्ष दोहोरीका धेरै कार्यक्रममा उनले गीत गाइन् भने कालिका एफएम, सिनर्जी एफएममा हुने लाइभ दोहोरीमा उनी भिड्ने गर्थिन् ।

उनले पहिलो पटक गीत गाउँदा सबैले तारिफ गरे । गोरखाको मान्छे तिमी त राम्रो दोहोरी गाउन सक्छौं भन्थे । शब्दचयन र स्वर पनि राम्रो रहेछ भन्थे तर आफूलाई कस्तो स्वर राम्रो हो भन्ने थाहा थिएन । सबैले तत्कालिन समयमा राम्रो भन्थे तर आफूलाई दोहोरी गायिका नै बनेर जीवन चलाउँछु भन्ने कहिल्यै मनमा थिएन, उनले भनिन् । पहिला सिरियस रूपमा यस क्षेत्रलाई लिएकै थिइनँ, प्रतियोगितामा भाग लिँदा मात्रै ध्यान दिइन्थ्यो । कसरी राम्रो गर्ने, जित्नका लागि कस्तो शब्द प्रयोग गर्ने भन्ने हुन्थ्यो । पछि मानव वेचबिखनसम्बन्धी, कमलरी प्रथा, सर्कसमा बालबालिका, वैदेशिक रोजगार, इन्डियामा बेचिएका चेलीको विषयमा विभिन्न कासामाजिक संस्थाको रिसर्चको गर्दै जाँदा पनि जुन विषयको रिसर्च गरियो त्यसमै गीत गाएर उनीहरूको मनलाई पनि केही क्षण भए पनि आनन्दित पार्दै जाँदा आफू गायनमै जानु पर्छकी जस्तो पनि लाग्थ्यो गायिका लामिछानेले भनिन् ।

मनमा गायन रूची बढ्दै थियो तर काम अर्कैतिर भयो । त्यतिबेला गायन भन्ने कुरा रहरको मात्रै थियो, अहिले थाहा भयो आफू सरहका साथीहरू गायनमै चम्किँदा यही क्षेत्रमै लाग्नुपर्ने रहेछ भन्ने, उनले भनिन् – 'साथीहरू यही क्षेत्रबाट बाँचिरहेका छन् भने म पनि सफल हुन्थे जस्तो लाग्छ । पढ्दै र सामाजिक संस्थामा लाग्दा लाग्दै गर्दा गाएर बाँचिएला जस्तो पनि लागेन, आत्मसन्तुष्टिका लागि मात्रै गाइयो ।'

२०१३ मा मिलन लामाको शब्द, भाकामा जोर मादल घनन गीत रेकर्ड गरेपछि उनको गायनमा रेकर्डको यात्रा सुरु भएको हो । सामाजिक क्षेत्रमा काम गर्दागर्दै उनी युरोपतर्फ लागिन् । युरोपमा ६ वर्ष बसाईमा पनि उनले गाउने कामलाई निरन्तरता दिँदै आएकी छन् भने बेला बेलामा नेपाल प्रवेश गर्दै रेकर्ड गराउने काम चलिरहेको छ उनको ।

युरोपको बसाईबाट केही समयका लागि नेपाल आएकी गायिका लामिछानेले यतिबेला भने चार वटा गीत रेकर्ड गराउन सफल भएकी छन् । अर्जुन पोखरेलको संगीतमा मेरो मने नेपाली छ आधुनिक, थानेश्वर गौतमसँग रोइला ठट्यौली लोकभाका, कुलेन्द्र वि.क.सँग तिमी भैं मायालु हुन्नन् सबै त दोहोरी रेकर्ड गराउन सफल भएकी छन् । शिव सुवेदीको शब्दमा रहेका यी गीतहरूको म्यूजिक भिडियोमा पनि उनी आफैं अभिनय गरेकी छन् । युरोपमा नेपाली सामान ह्याण्डीक्राफ्टको व्यापारमा युरोप छिरेकी गायिका लामिछाने अहिले नेपाल हाउसकी संचालिकाको रूपमा चिनिन्छिन् । व्यापारसँगै ब्यूटीपार्लरको व्यवसाय पनि संचालन गरिरहेकी छन् । युरोमा हुने विभिन्न सांगीतिक कार्यक्रम हुँदा सहभागी उनीभित्र पुराना दिनको स्मरण हुने गरेको छ । लोकदोहोरी प्रतिष्ठान युरोप शाखाको कोषाध्यक्षसमेत रहेकी गायिका लामिछानेलाई बेलाबेलामा नेपालीपनको अभाव हुन्छ हुने गरेको छ । नेपालको महत्व बढ्छ, मिस गरिन्छ तर मुलुकको अवस्था सधैं संक्रमणकालमा रहेर विकास हुन नसकेकोमा पनि चिन्तित छन् उनी । विदेशमा रहे पनि उनी सपना भने जन्मेको ठाउँको नै देख्ने गर्छिन् । आफू जन्मेको र हुर्केको ठाउँको अभाव मनमा भइरहन्छ, युरोपको विकासमा रमाए पनि आत्मा नेपालमै छ, गायिका लामिछानेले भनिन्– 'जन्मेको, हुर्केको ठाउँ, मेलापात र स्कुले जीवन, वनजंगल गर्दाको क्षण सम्झिँदा त्यो बाल्यकालमै फर्कन पाए हुन्थ्यो जस्तो लाग्छ ।'

www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Fortnightly Magazine पाक्षिक

# "कलाकारले रेष्टुरेन्ट खोल्यो भने नेगेटिभ हेरिन्छ"




**बलिउड, हलिउडका कलाकारले पनि आफ्नो आम्दानीलाई लगानी गरेका छन्, हामी कलाकारले पनि त व्यवसायमा लगानी गर्नुपर्छ भन्ने सोच मेरो हो । बलिउडमै हेर्दा पनि मिथुनको पाँचतारे होटल, साहरुखको अर्बौंको व्यवसाय छ तर हामी नेपालका कलाकार व्यवसाय गर्नतर्फ आकर्षित हुन सकेका छैनौं । बरु विदेश जाने उता जे काम पनि गर्न तयार हुने हाम्रो प्रवृत्ति छ । यहाँ कलाकारले रेष्टुरेन्ट खोल्यो भने नेगेटिभ हेरिन्छ, गाउन छाडेर रक्सी बिक्री गर्न थाल्यो भन्ने गरिन्छ ।**

## श्याम सामसोङ, गायक
## संचालक, विनायो क्याफे एण्ड रेष्टुरेन्ट

**सुमन पण्डित/म्यूजिक खबर**

भोजपुरको विकट गाउँ तिम्मा गाविसमा जन्मिएका श्याम सामसोङ राई संगीतका पूजारी हुन् । गाउँकै पहिलो गायक बनेर उदाएका श्यामले मुर्चसङ्गा, साइमा (सोल्टिनी), मुर्चुङ्गा–२, राइ वान्तवा भाषामा पारूहाङ निन सुम्निमा, साकेन्वा मुन्दुम जस्ता एल्बमहरू बजारमा ल्याइसकेका छन् भने कलेक्सन एल्बमहरूमा २ दर्जनभन्दा माथि गीतमा स्वर दिएका छन् । २०५७ सालमा घुम्टो खोल मुस्कुराउ बोलको गीतबाट गायन यात्रा सुरू गरेका श्यामले २०६४ मा पहिलो एल्बम मुर्चुङ्गा बजारमा ल्याएका थिए ।

श्यामको पारिवारिक पृष्ठभूमि भने लाहुरे थियो । बुबा ब्रिटिस लाहुरे त्यसपछि दाजु र भाइ पनि लाहुरे छन् । उनलाई पनि लाहुरे हुने रहर नजागेको भने होइन । दाजु भाइ लाहुरे भइसक्दा पनि उन ीभने लाहुरे हुने दौडमा थिए । पाँचपटकसम्म लाहुरे हुने सपना फेल हुँदै गएपछि उमेरको हदबन्दीले छोयो त्यसपछि लाहुरेको सपना टुंगिएको बताउँछन् । लाहुरे हुन नसकेपछि उनी संगीतर्फ लागे । बुबा गीत गाउने हारमोनियम बजाउने गरे पनि त्यतिबेलासम्म परिवारमा संगीतमै लाग्ने कोही थिएनन् । श्यामलाई त्यसपछि संगीतमा लाग्ने रहर जाग्यो ।

त्यतिबेला कि लाहुरे हुने त कि विदेशतिर हानिनेको संख्या गाउँमा धेरै नै हुने गरेको भए पनि श्यामभित्र भने विदेशको मोह पलाएन । चाहेको भए उनी पनि ब्रिटिसको परिवार भएर युके जान सक्थे तर उनलाई अब नेपालमै केही गर्नुपर्छ भन्ने सोच जागेको थियो । विदेशका लागि उनी संगीत सिक्न भारततिर भने गएका छन् ।

त्यसपछि रहरै रहरमा संगीतमा लागे उनी । काठमाडौं आएपछि जुन हिसाबले संगीत बुझेको थिएँ त्यसमा परिवर्तन आयो, श्यामले भने  संगीत लहलहैमा लागेर हुँदैन, यो एउटा विज्ञान, शास्त्र रहेछ भन्ने सोच आयो । त्यसपछि भारतको भातखण्डे म्यूजिक यूनिभर्सिटिमा इन्डियन एम्बेसीबाट छात्रवृत्तिमा अध्ययन गर्न गएँ । सिकेपछि झनै सोचाइमा परिवर्तन आयो । संगीतको व्यवसायिक पाटो एउटा छ, संगीतको अध्ययन र अनुसन्धानको पाटो फरक छ । यो दुवै विषयमा दक्ष बनियो भने कुशल कलाकार बन्न सकिन्छ । व्यवसायिक हिसाबले नाम दाम हुन्छ तर दक्ष कलाकार बन्न सकिँदैन । सुरूमा नाम कमाउनकै लागि भनेर लागियो । अहिले पनि नाम चर्चा पाउनु पर्छ भन्ने सबैको हुन्छ तर नाम कमाएर मात्रै हुँदैन । संगीतको ज्ञान प्रमुख हो । चर्चाको हिसाबले केही दिन टिकिन्छ तर ज्ञान भएन भने सदाबहार रूपमा चल्न सकिँदैन । व्यवसायिक बनेर हिंड्दा पनि चर्चा पाएपछि संगीतको बारेमा कहिं कतै बोल्नु पर्दा के बोल्ने ? जस्तो लाग्छ ।

सबैले चर्चा बटुलिरहेका छन् तर तपाई चाहिँ कहिले चर्चा पछाडि लाग्ने भन्ने प्रश्नमा श्याम भन्छन्:  एउटा समय नाम दामका लागि लाग्छ त्यो ठाउँ पुगेपछि चर्चाको पछाडि लाग्दैन भन्छन् । चर्चाको प्रतिस्पर्धामा लाग्नका लागि संगीत सिक्दा सिक्दै चर्चा कमाउनु पर्छ भन्ने कुरा बिर्सिंदो रहेछ । सुरूवातमा सुगम संगीतबाट प्रभावित भएर संगीतमा प्रवेश गरेका श्यामले पछिल्लो समयमा दर्शक स्रोताहरूको रूचि परिवर्तन भएसँगसँगै त्यस्तै फ्लेबर खोज्दै आएको बताउँछन् । अहिले कलाकारको मुख्य आम्दानी महोत्सव, कन्सर्ट हुने हुँदा स्टेजका लागि पनि गीत बनाएका छन् श्यामले । मुर्चुङ्गा –२ मा रहेको पर्दाफास भो पनि त्यस्तै गीतमा पर्छ भने एल्बभित्र मेलोडियस गीतहरू छन् । तर कलाकारले सबै प्रकारका गीत गाउन सक्नुपर्दछ श्यामले भने । गायन क्षेत्र सन्तोषजनक छ, प्रयास जारी, स्रोताहरूको माग अनुसार दिन अझै सकिएको छैन ।

उनी व्यवसायमा लागेका गायक हुन् तर व्यवसायिक गायक भने होइनन् । व्यवसायमा लगानी गर्दा संगीतमा लगानी गर्ने वातावरण सहज बन्ने उनको दाबी छ । उनको व्यवसायिक पाटोको कुरा गर्दा विनायो क्याफे एण्ड रेस्टुरेन्ट, म्यूजिक कम्पनी विनायो म्यूजिक प्रा.लि. संचालनमा छन् । उनको रेष्टुरेन्टको कुरा गर्दा सन्तोषजनक व्यापार भएको बताउँछन् । दैनिकजसो रेष्टुरेन्टको हलमा हुने एल्बम विमोचन, सेमिनार, बैठक, चलचित्रका कार्यक्रमहरूले गर्दा एकातिर व्यवसायलाई माथि लैजाने काम भइरहेको छ भने अर्कोतिर कलाकारसँगको आपसी भेटघाटले उनलाई सक्रिय गराइरहेको छ । रेष्टुरेन्ट व्यवसायमै किन आकर्षित हुनुभएको भन्ने प्रश्नमा श्याम भन्छन्: बलिउड, हलिउडका कलाकारले पनि आफ्नो आम्दानीलाई लगानी गरेका छन्, हामी कलाकारले पनि त व्यवसायमा लगानी गर्नुपर्छ भन्ने सोच मेरो हो । बलिउडमै हेर्दा पनि मिथुनको पाँचतारे होटल, साहरूखको अर्बौंको व्यवसाय छ तर हामी नेपालका कलाकार व्यवसाय गर्नतर्फ आकर्षित हुन सकेका छैनौं । बरू विदेश जाने उता जे काम पनि गर्न तयार हुने हाम्रो प्रवृत्ति छ । यहाँ कलाकारले रेष्टुरेन्ट खोल्यो भने नेगेटिभ हेरिन्छ, गाउन छाडेर रक्सी बिक्री गर्न थाल्यो भन्ने गरिन्छ ।

व्यवसाय र कलाकारिता सँगैसँगै लान सक्दा सम्भावना धेरै देखेका छन् श्यामले । त्यसो गर्दा अलिकति मेहनत बढी लाग्छ । सिस्टममा व्यवसाय सुरू गरियो भने कलाकारितालाई सहयोग नै गर्छ, उनले भने मेरा लागि रेष्टुरेन्ट व्यवसाय राम्रो प्लेटफर्म भएको छ । दिनदिनै कलाकारितासँग समन्वय गराइरहेको छ ।

श्याम शास्त्रीय संगीतका विद्यार्थी पनि हुन् । शास्त्रीय संगीतमा उनी छिट्टै एल्बम ल्याउने सोचमा छन् । यथार्थतामा शास्त्रीय संगीतमा लाग्दा त्यसको गहिराइले नेपालको बजारमा  व्यवसायिक हुन सकिँदैन । तर शास्त्रीय संगीत सिक्दैमा बिग्रने चर्चा नपाउने भन्ने चाहिँ होइन, उनले भनेः संगीतमा लगानी गर्दा गीत राम्रो भए महोत्सवहरूमा चल्न सक्ने, यूट्यूबबाट पनि आम्दानी, गीत राम्रो हुने बताउँछन् । कन्सर्ट, महोत्सवबाट व्यस्त बन्दै आएका श्याम पछिल्लो समयमा एल्बम बिक्री भने शून्य भएको बताउँछन् ।




New World
The best Shirting Suiting & Tailoring Center
Bagbazar (opposite of PK Campus) Tel: 01-4244789

# प्रवासबाट चम्किएका पासाङ

म्यूजिक खबर/मलेसिया

परदेश जानु हुन्न, नेपालमै सुन फलाउन सकिन्छ भन्ने उखानजस्तै भइसकेको छ आजभोलि । मुलुक युवा विहिन बनिसकेको छ, रेमिट्यान्सविनाको देशको कल्पना गर्न नसकिने अवस्थामा पुगेको छ । मनभरि सपना बोकेर विदेशिने युवाहरूको ताँती उस्तै छ, मुलुकमा रोजगारको विकल्प नदेखेपछि भौंतारिँदै विदेश जाने मनहरू अन्ततः बहकिएको मनलाई सिर्जनाबाट सान्त्वना दिँदै आउँदा एउटा राम्रो सर्जकका रूपमा परिचित बनिरहेको पनि छन् ।

नेपालको पुर्वी भाग साहित्यको भण्डार बनेको छ । खोटाङ, भोजपुरको माटोमा पनि सिर्जनाको सुगन्ध भेटिन्छ भन्छन् । त्यही सिर्जना फलाउने अर्को पहाडी जिल्ला धनकुटा पनि हो । धनकुटाको रमणीय स्वर्गजस्तै ठाउँमा २०४६ साल जेठ ३ गतेका दिन पिता जित बहादुर तामाङ र माता सानू माया तामाङको कान्छो सुपुत्रको रूपमा जन्मिएका थिए गीतकार पासाङ तामाङ ।

हँसिलो मुहार मिलनसार स्वाभावका गीतकार तामाङको सानैदेखि नेपाली गीति लेखनमा खुबै रूचि थियो । तामाङ फुर्सदको समयमा गीतहरू लेख्ने अनि गाउँघरमा मेलापात, दाउरा घाँस उकाली ओराली गर्दा आफैंले लेखेका गीतहरू गुनगुनाउँदै उनको बाल्यकाल बितेको थियो ।

आफ्नै देशको माटोमा पसिना बगाएर आफ्नो उज्ज्वल भविष्य बनाउने सुन्दर सपना बोकेका थिए तामाङले । तर सोचेजस्तो कहाँ हुन्छ र जीवन । गीत नै छ नि सोचेजस्तो हुन्न जीवन सम्झे जस्तो हुन्न जीवन । हो ठ्याक्कै उनको गीतले भने जस्तै तामाङको जीवनमा पनि भएर छाड्यो ।

देशको दर्दनाक अवस्था अस्तब्यस्त राजनीतिको चपेटामा परेर गीतकार तामाङ पनि अन्ततः अरू नेपाली युवाहरू जस्तै हरियो पासपोर्ट हातमा लिएर मुग्लान पस्न बाध्य भए । तर उनको परदेश यात्रा अरूको भन्दा निकै फरक थियो। अरूको परदेश यात्रा आफ्नो घरको चुलोमा आगो बाल्न त कति युवाहरू आफ्ना सुन्दर भविष्यको खोजीमा परदेशिदै थिए । तर गीतकार तामाङ देशमा बस्नै नसक्ने बाताबरण सिर्जना भएपछि बाध्यता बस परदेशीको बताउँछन् ।



आफ्नो देश र आफन्त गाउँघरलाई छोडेर निकै टाढा जानुपरे पनि अरूको ओठमा खुशीको लहर देखिन्थ्यो । तर गीतकार तामाङको मुहारमा आफ्नो देश र आफ्नै देशको माटोमा पसिना बगाएर जीवनयापन गर्ने सपना तुहिएको पीडाले मन भित्रभित्रै भतभती पोलिरहेको थियो ।

अनगिन्ती सपनाहरू मध्यको एउटा अर्को सपना थियो आफ्नो शब्दहरूलाई रेकर्ड गराएर नेपालको कुना-कुना डाँडा पाखा भिर पहरामा गुन्जाउने । जब हातमा हरियो पासपोर्ट पऱ्यो त्यतिबेला लागेको थियो एउटा अर्को सपना पनि अधुरो नै रहने भयो ।

गीतकार तामाङ परदेशमा रहेकै बेला एकदिन संयोगले गायक तथा संगीतकार मनिपाल राई सँग भेट भयो । त्यही दिनदेखि अनि आफ्नो गीत रेकर्डिङ गर्ने सपना पुरागर्छु भन्ने अठोट लिए । संगीतकार मनीको साथ र आफ्नो आँटले गर्दा उनले परदेशमा बसेर आफ्नो एकल शब्द रहेको गीति एल्बम "तिम्रो यादमा" नेपाली संगीतपारखी मनहरूमाझ पस्कन सफल भएका छन् ।

उक्त एल्बममा "तिम्रो यादमा" नेपालकै ख्यातिप्राप्त गायक गायिकाहरूको आवाज रहेको छ भने संगीत गायक तथा संगीतकार मनिपाल राईले दिएका छन् ।

गीतकार तथा मोडेल तामाङले परदेशमा बसेर गीत मात्रै रेकर्ड गराउनु भएन । सबै गीतहरूका म्युजिक भिडियो समेत बनाइ सक्नु भएका तामाङले आफ्नै गीतको म्युजिक भिडियोमा आफ्नो अभिनय पस्कन सफल भएका छन् । नेपालकै हट नायिका भनेर चिनिने नायिका शुष्मा कार्की सँग अभिनय गर्न पाउँदा उनी निकै खुशी छन् । आफूले काम गरिरहेको भूमि मलेसियामै भिडियोको छायाँकन गर्ने अवसर पनि उनलाई मिल्यो ।

तिम्रो यादमा चार वटा गीत समावेश गरिएको छ । जसमा मैले हार्दा, कहिले तिमीलाई, बाँचुन्जेल, कहिले तिमीलाई जस्ता गीत समावेश गरिएको छ । जसमा अन्जु पन्त, प्रमोद खरेल, अमर राई र सुनिता पन्तको स्वर समावेश गरिएको छ । शुभकामना मिडिया सोलुशनबाट बजारमा आएको यस एल्बमका चारवटै गीतको म्यूजिक भिडियो पनि निर्माण भइसकेका छन् । अबको आगामी यात्रा भनेको गीत लेखन सँगै मोडेलिङ क्षेत्रलाई पनि साथै लिएर अगाडि बढ्ने उनको योजना रहेको छ ।

# काफ्लेले दिए गीतकार र संगीतकारलाई रोयल्टी

म्यूजिक खबर । गायक कृष्ण काफ्लेले महोत्सव एवं विभिन्न सांस्कृतिक कार्यक्रममा जाँदा स्टेजमा गाइएको गीतका गीतकार र संगीतकारलाई १५-१५ प्रतिशत रकम



रोयल्टी स्वरूप दिएका छन् । कार्यक्रमबाट फर्किएपछि देखन चम्पा सुनन चम्पाका गीतकार शान्तिप्रिय र संगीतकार दीपक शर्मालाई आफ्नो पारिश्रमिकबाट १५-१५ प्रतिशत रकम छुट्याएर रोयल्टी दिएका छन् । त्यस्तै पिक्चर हिटका गीतकार लेखु सहयात्रीलाई पनि आफ्नो स्टेजबाट आएको पारिश्रमिकको १५ प्रतिशत रकम रोयल्टी स्वरूप प्रदान गरेका थिए ।

चर्चाको शिखरमा रहेका गायक गायिकाहरूले आफूले गाएको गीतको संगीतकार र गीतकार बिर्सिसकेको अवस्थामा काफ्लेले भने गीतकार र संगीतकार बिना आफू स्टेजमा प्रस्तुत हुन नसक्ने बताउँदै रोयल्टी दिएका हुन् । स्टेजमा गएर गीत गाएवापत कुन कुन गीत गाइयो ती गीतका संगीतकार गीतकारलाई आफूले पारिश्रमिकबाट आएको रकम





रोयल्टी स्वरूप छुट्याएर दिने उनले बताए । पछिल्लो समय पिक्चर हिट, देखन चम्पा जस्ता चर्चित गीतबाट मुलुकका विभिन्न ठाउँमा भएका कार्यक्रममा व्यस्त हुँदै आएका गायक काफ्लेले सिर्जना प्रयोगवापत सबैले रोयल्टी तिनुपर्ने दाबी गरे । गायक काफ्लेले भने - यो मेरो चर्चा कमाउने बाटो भनेर कसैले पनि नसोचिदिनुहोला । कसैको सिर्जना प्रयोग गरेवापत रोयल्टी तिर्नु कानूनी अधिकार हो । मैले गीत गाउँदा पारिश्रमिक लिएर गाएको छु भने त्यही गीतको ट्र्याक प्रयोग गरेवापत रोयल्टी तिर्नु मेरो दायित्व हो ।'

साप्ताहिक फिल्मी खबर
हरेक बिहीबार, मनोरञ्जनको सूचना र समाचार

STREET NEPAL STREETNEPAL.com total newsportal

म्यूजिक डायरी Music Diary




व्यवसायिक हटलाइन ☎ ०१-४०१०५४५

लोक, आधुनिक, पप शैलीका गीतसंगीतको एरेन्ज गर्नु परेमा सम्झनुहोस् ।

सुदीप सागर
एरेन्जर
९८५११८८२३७

गीतसंगीतको रेकर्डिङ, संगीत, एरेन्ज एवं अडियो भिडियो उत्पादन तथा बजार प्रबर्द्धनका लागि हामीलाई सम्झनुहोस् ।
MB Music Recording Studio
Kapoordhara Marga, VK Plaza, Samakhusi, Kathmandu.
सम्पर्कः ९८४१८७९१०५, ९८४१३४१३२२

गीतसंगीतको अडियो भिडियो उत्पादन तथा बजार व्यवस्थापनका लागि हामीलाई सम्झनुहोस् ।
परशुराम रिजाल
प्रबन्ध निर्देशक तथा
VIBES CREATION
भाइब्स क्रियशन प्रा.लि.
सम्पर्कः ०१-४२२२९७१, ९८५१०९२६८८

गीतसंगीतको रेकर्डिङ, संगीत, एरेन्ज एवं अडियो भिडियो उत्पादन तथा बजार प्रबर्द्धनका लागि हामीलाई सम्झनुहोस् ।
झलक संगीतम, संगीतकार/एरेन्जर
आलाप रेकर्डिङ स्टुडियो
फोनः९८४९१५५०९७

www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Fortnightly Magazine पाक्षिक
काठमाडौं, जि.प्र.का. दर्ता नं २३२/०७३/०७४



# ‘गुलामी गर्न मलाई आउँदैन’

साथी सर्कलबाट खुबै तारिफ पाएकी सीमाले शुरुका दिनमा भने परिवारबाट खासै सपोर्ट पाइनन् । उनी भन्छिन् ...परिवारमा यस भन्दा अगाडि अरु कोही पनि कलाकारिता क्षेत्रमा नभएकाले हो वा गायन पनि ग्ल्यामरकै एउटा पाटो भन्ने बुझेर हुनुपर्दछ मेरो परिवारले गायन यात्राका शुरुवातका दिनमा खासै सपोर्ट गरेन । नाम कमाउने भन्दा बदनाम हुने क्षेत्र हो भन्ने परिवारको मान्यता थियो । बिस्तारै परिवार पनि पोजेटिभ बन्दै गयो ।

**सविता पोखरेल**, म्यूजिक खबर

विद्यालयस्तरमा आयोजना हुने सांस्कृतिक कार्यक्रमको गायन प्रतियोगीतामा भाग लिएर शुरू भएको हो गायिका सीमा शाहको सांगीतिक यात्रा । उनले त्यतिबेला गायकी अनुभव मात्र लिइनन्, प्रतिस्पर्धामा सँधैजसो प्रथम नै हुन्थिन् । विद्यालय स्तरमा स्टेजमा उत्कृष्ट प्रस्तुति दिएर पुरस्कृत नै हुँदै आएता पनि गायिकाको पहिचान भने उनले २०६० सालमा बनाइन् । विदेशीभूमी ब्रुनाईमा जन्मिएकी सीमा हाल ललितपुर जाउलाखेलकी स्थायी वासिन्दा हुन् ।

नेपाली साङ्गीतिक क्षेत्रका कतिपय सर्जकहरूले निकै गीत सङ्गीत प्रस्तुत गरिसक्दा पनि गुमनाम भएका उदाहरण हामी सामु प्रसस्तै छन् । अझ भनौ ठूलो संघर्ष र मेहनत गर्दा पनि यस क्षेत्रमा आफूलाई टिकाइ राख्न निक्कै नै धौ–धौ पर्ने गर्दछ । यस सन्दर्भमा गायिका शाहलाई भाग्यमानी कलाकार मान्नु पर्दछ । पहिलो पटक सीमाको आवाजमा रेकर्ड भएको ‘कसरी बोलाउँ मायालु तिमीलाई’ बोलको गीतले नै उनलाई गायिकाको पहिचान दिलायो । राम भट्टराईको शब्द, रत्न बहादुर खड्गीको सङ्गीतमा सीमाको सुमधुर आवाजमा तयार भएको उक्त गीत साङ्गीतिक बजारमा सफल गीत मानिन्छ ।

२०६० सालेदेखिको सीमाको सांगीतिक यात्रामा केही वर्ष विराम लाग्यो । परिस्थिति अनुकुल हुनासाथ उनी पुनः यहि क्षेत्रमा आइन् । उनको जादुमयी स्वरले भरिएका सात वटा गीत सहितको ‘सीमा’ नामको एल्वम मार्फत दर्शक श्रोतासँग एकाकार भएकी सीमालाई यस एल्बमले निकै नै चर्चा दिलायो ।

सङ्गीत भनेकै साधना हो भन्ने मान्यताकी सीमाले लामो समयपछि हाल अर्को एल्बम सीमा २ बजारमा ल्याएकी छिन् । जसमा उनले निकै मन छुने खालका सात वटा गीतहरू समाबेस गरेकी छिन् । यो समयसम्म आइपुग्दा उनले भजन लगायत डेढ दर्जन बढी गीतहरूमा स्वर भरिसकेकी छिन् ।

संगीत क्षेत्रमा १२ वर्षे यात्रा गरिसकेकी छिन् शाहले । यात्राका दौरानमा निकै चुनौती र संघर्षका तिता मिठा अनुभव बटुलेको बताउँछिन् उनी । तितो अनुभव के रह्यो भनेर सोध्दा यो क्षेत्रमा विकृति र खुरापाती प्रवृत्ति धेरै छ । प्रस्तुतिका लागि कार्यक्रम आयोजकलाई ज्यू ज्यू गर्नु गर्नुपर्ने, हजुर भन्नु पर्ने, गुलामी गर्नु पर्दो रहेछ । यस्तो गुलामी गर्न मलाई आउँदैन । तर पनि मलाई कुनै गुनासो छैन । किनभने मेरो कलाले मलाई टिकाएको छ । चाप्लुसी गर्नु परेको छैन । फेरि अर्को कुरा खुल्ला कार्यक्रमहरूमा प्रस्तुति दिंदा म असहजता महसुस गर्दछु । यद्यपी बन्द हलमा आयोजना भएका कार्यक्रम जहाँ झिलीमिली बत्ती होस्, त्यहाँ दिइने प्रस्तुतिमा भने रमाइलो लाग्छ मलाई उनले भनिन् ।

साथी सर्कलबाट खुबै तारिफ पाएकी सीमाले शुरूका दिनमा भने परिवारबाट खासै सपोर्ट पाइनन् । उनी भन्छिन् ‘परिवारमा यस भन्दा अगाडि अरू कोही पनि कलाकारिता क्षेत्रमा नभएकाले हो वा गायन पनि ग्ल्यामरकै एउटा पाटो भन्ने बुझेर हुनुपर्दछ मेरो परिवारले गायन यात्राका शुरूवातका दिनमा खासै सपोर्ट गरेन । नाम कमाउने भन्दा बदनाम हुने क्षेत्र हो भन्ने परिवारको मान्यता थियो । बिस्तारै परिवार पनि पोजेटिभ बन्दै गयो । अहिले त मेरो न्युज तथा इन्टरभ्यू देख्दा परिवार नै गौरान्वित हुन्छ खुशी हुन्छ । राम्रो गर भन्नुहुन्छ ।

सङ्गीतमा कुनै ठूलो सपना सजाएकी छैनन् उनले त्यसैले यो क्षेत्रबाट उनी सन्तुष्ट छिन् । सीमा गायन क्षेत्रकी एक विद्यार्थी पनि हुन् । डेढ वर्ष संगीता राणा प्रधानसँग, १ वर्ष रत्न बहादुर खड्गीसँग सङ्गीत सिकेकी सीमा हाल कर्ण बहादुर कार्कीसँग सङ्गीत शिक्षा लिइरहेकी छिन् । उनी भन्छिन् सिक्न धेरै बाँकी छ । सांगीतक क्षेत्र भनेको समुन्द्र हो । पहिचानका लागि यो क्षेत्रमा भित्रीएकी थिएँ । अब निरन्तर यो क्षेत्रमा नै रहन्छु ।

प्रशंसा गर्न लायक स्वरकी धनी सीमा एक कुशल गृहिणी पनि हुन् । २०५७ सालदेखि पंकज शाहसँग सुखद दाम्पत्य जीवन विताइरहेकी उनका एक छोरा पनि छन् । अनि घर गृहस्थी, र गायन पाटो कसरी तारतम्य मिलाउनुहुन्छ भन्ने प्रश्नमा उनी भन्छिन्– श्रीमान्बाट पनि सहयोग र प्रोत्साहन मिलेको छ त्यसैले गाह्रो छैन । गायिका सिमाको गलाले गाएका सबै गीत हिट हुन्, सांगीतिक यात्राले उचाई छुन सकोस्, भन्ने विश्वास परिवारले पनि लिएको छ ।







